मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



**आन्दोलनमा राज्यको मौनता**
पृष्ठ ४ मा

वर्ष १ | अंक १३७ | २०७९ साल चैत १५ गते बुधबार | Wednesday 29, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## संख्या नबढाइ मधेश सरकारका मन्त्रालय हेरफेर र समायोजन

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
सरकार फेरिने बेला मधेस प्रदेश सरकारले मन्त्रालयहरूको नाम हेरफेर गरेको छ। अघिल्लो मन्त्रिपरिषदले तय गरेका नामहरु अव्यवहारिक भएको भन्दै नाम समायोजना गरिएको बताइएको छ। योसँगै नयाँ बन्ने मधेश प्रदेश सरकारका मन्त्रीहरुले नाम फेरिएको नयाँ मन्त्रालय पाउने भएका छन् ।

प्रदेश मन्त्रिपरिषद्को बैठकबाट प्रदेश सरकार कार्यविभाजन नियमावली-२०७९ को अनुसूचीमा हेरफेर गर्दै प्रदेशका मन्त्रालयहरूको नाम हेरफेर गरिएको हो ।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् लगायत मन्त्रालयको संख्या ११ वटा यथावत नै राखेको छ । तर तिनीहरुको नाम परिवर्तन गर्दै समायोजन गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नूरहरि खतिवडाले बताए। उनले नाम हेरफेर तथा समायोजन भए पनि प्रमाणीकरण बाँकी रहेको जानकारी दिए ।

केही मन्त्रालयको नाममा सुधार तथा समायोजन मात्र गरिएको र मन्त्रालयको संख्या नबढाइएको उनले जानकारी दिए । केही मन्त्रालयको नाम लामो र कामको प्रकृतिअनुसार सान्दर्भिक समेत नदेखिएकोले हेरफेर तथा समायोजन गरिएको हो। प्रदेश सरकार कार्यविभाजन नियमावली-२०७९ को अनुसूची १ अनुसार सामाजिक विकास मन्त्रालय, कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय र महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालय हटाएर त्यसलाई विभिन्न मन्त्रालयमा समायोजन गरिएको छ । उद्योग, पर्यटन तथा वन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य, खानेपानी तथा ऊर्जा विकास विकास मन्त्रालयलाई हेरफेर गरी समायोजन गरिएको छ । सामाजिक विकास मन्त्रालयलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बनाइएको छ भने भौतिक पूर्वाधार विकासबाट श्रम तथा यातायात मन्त्रालय छुट्टै बनाइएको छ । कानून, न्याय तथा प्रदेश सभा मामिलालाई हटाएर गृह तथा सञ्चार मन्त्रालयमा जोडिएको छ भने ऊर्जा तथा खानेपानी मन्त्रालयमा सिँचाइ थपिएको छ । शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयबाट उद्योग, पर्यटन तथा वन मन्त्रालयमा
- बाँकी पृष्ठ ६ मा



**पहिला**
१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. अर्थ मन्त्रालय
३. गृह तथा सञ्चार मन्त्रालय
४. उद्योग, पर्यटन तथा वन मन्त्रालय
५. भौतिक पूर्वाधार विकास मन्त्रालय
६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
७. सामाजिक विकास मन्त्रालय
८. खानेपानी तथा ऊर्जा विकास मन्त्रालय
९. कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय
१०. महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
११. शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय

**अब**
१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. अर्थ मन्त्रालय
३. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
४. ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय
५. गृह, सञ्चार तथा कानुन मन्त्रालय
६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
७. भौतिक पूर्वाधार विकास मन्त्रालय
८. वन तथा वातावरण मन्त्रालय
९. शिक्षा तथा समाज कल्याण मन्त्रालय
१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
११. श्रम तथा यातायात मन्त्रालय

### नियमावलीमा सरकारको गम्भीर त्रुटि

मधेश प्रदेश सरकारले जारी गरेको मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमवाली २०७९ मा गम्भीर त्रुटि पाइएको छ।

सरकारले जारी गरेको नियमावलीको नियम ८ को बचाउ तथा खारेजीमा प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९ खारेज गरिएको भनिएको छ। जबकि सरकारले जारी गरेको नियमावली २०७९ नै हो।

प्रदेश सरकारले यसअघि प्रदेश सरकार (कार्यविभाजन) नियमवाली २०७८ जारी गरेको थियो । त्यसपछि दुईपटक संशोधन गरी प्रदेश सरकार (कार्यविभाजन ) (पहिला संसोधन) नियमावली, २०७९ र प्रदेश सरकार कार्यविभाजन (पहिलो संशोधन) नियमावली, २०७९-१ ल्यायो ।

कानूनविद्हरुका अनुसार नयाँ कानुन बन्छ भने पुरानो मूल कानुन खारेज हुने प्रावधान
- बाँकी पृष्ठ ६ मा

## सरकारमा जान मधेश केन्द्रित दलहरुमा तछाडमछाड



मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई नै हम्मे हम्मे पर्ने गरी मधेशवादी दलहरु सरकारमा जान इच्छुक देखिएका छन्। सोमबार नै मन्त्रिपरिषद् गठन गर्ने तयारीमा रहेका प्रधानमन्त्री नेपाली कांग्रेससहित गठबन्धनका १० दलका मन्त्रीहरुको समायोजनमा निकै सकसमा परेका छन् । यसैमा थपिएका छन् मधेशवादी दलका आकांक्षीहरु पनि ।

तराई-मधेसकेन्द्रित दलहरूमा पनि मन्त्रीका आकांक्षी बढेका छन्। माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीसहितका तराई-मधेसकेन्द्रित दलहरू जान तयार छन् । सरकारमा जाने निर्णय गरेर बसेका छन् ।

तर गठबन्धनमा मन्त्रालय बाँडफाँटको टुङ्गो लाग्न नसक्दा दलहरुलाई मन्त्रीको नाम टुङ्गो लगाउन सकस छ । गठबन्धनको निर्णयको पर्खाइमा आफूहरु बसेको जसपाका कार्यकारिणी सदस्य मनिष सुमनले बताए । 'गठबन्धनले मन्त्रालयले नटुंग्याएसम्म पार्टीले कसलाई मन्त्रीमा पठाउने निर्णय गर्न सकिन्न,' सुमनले भने, 'कुन मन्त्रालय र कतिवटा मन्त्रालय कुन दलले पाउने कुरा गठबन्धनले नटुंग्याएसम्म पार्टीहरूले निर्णय गर्न मिल्दैन। पहिला गठबन्धनमा निर्णय होस्, त्यसपछि मात्र हामीले छलफल गरेर टुङ्गो लगाउँछौं ।' सोही कारणले पार्टीमा कुनै छलफल हुन नसकेको बताइएको छ।

जसपा नेपालले तीनवटा मन्त्रालयमा दाबी गरेको छ । तर दुईटा मन्त्रालय पाउने सम्भावना छ। पार्टीका एक नेताले भने, 'हाम्रो दाबी तीन वटा मन्त्रालयमा हो तर दुईवटा दिने सम्भावना छ। दुईवटा मन्त्रालयको तयारी आन्तरिक रूपमा भइरहेको छ, तर मन्त्रालय नटुंगिएसम्म नाम चयन गर्न सकिन्न ।'

जसपामा मन्त्रीका लागि दौडधुप पनि बाक्लिएको छ। ती पार्टीबाट राजकिशोर यादव, प्रदीप यादव, डा.वीरेन्द्र महतो, नवलकिशोर साह, दीपक कार्की, सुशीला कार्कीको मन्त्री बन्ने चर्चा छ। तर जसपाका अध्यक्ष उपेन्द्र यादवले कसैलाई आश्वासन दिएका छैनन् । उनी अहिले आफैं उपनिर्वाचन लड्ने तयारीमा छन्। गठबन्धनबाट सहयोग पाउने आशमा यादवले कुनै प्रकारको रिस्क लिन नचाहेको ती नेताले बताए।

यस्तै, लोसपाले पनि दुईटा मन्त्रालय दाबी गरेको छ। चारजना सांसद रहेको उसले प्रधानमन्त्री प्रचण्डसँग भेटेर दुईटा मन्त्रालय चाहिने प्रस्ताव गरिसकेको छ । तर प्रधानमन्त्री प्रचण्डले एउटासम्म दिन सकिने आश्वासन दिएको लोसपा स्रोतको भनाइ छ । लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारीको नेतृत्वमा सरकारमा जाने लगभग निश्चित छ। नेता भण्डारी मन्त्रीका
- बाँकी पृष्ठ ६ मा




## मधेश सरकारको ५ हजार साइकल कबाडमा परिणत

*'साइकल आयातकर्ता स्यान्यो इन्टरनेसनल कालोसूचीमा, साइकलवापतको ५ करोड ६८ लाख रुपैयाँ भुक्तानी पाउन अदालत जाँदा पनि न्याय नपाएर घर न घाटको अवस्थामा'*

मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
अघिल्लो मधेश सरकारले छात्रालाई बाँड्न खरिद गरेका पाँच हजार थान भन्दा बढी साइकल कबाडमा परिणत हुन लागेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा किनेको १० हजार थानमध्ये आधा साइकल वितरण हुन नसकेर गोदाममै खिया लागेर कबाडमा परिणत हुन लागेको हो ।



'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम अन्तर्गत छात्रालाई वितरण गर्न तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले तेस्रो चरणमा ८ करोड ४४ लाख १० हजार रुपैयाँमा १० हजार साइकल किनेको थियो । काठमाडौंको पुतलीसडकस्थित स्यान्यो इन्टरनेशनलमार्फत किनिएकामध्ये आधा साइकल झन्डै दुई वर्षदेखि जनकपुरस्थित मधेश भवनको गोदाममा थन्किएको छ।

२०७६/७७ मा मधेश सरकारले १७ हजार साइकल खरिद गर्दा ११ करोड रुपैयाँ अनियमितता भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७ साउन २०७८ मा ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेका थियो । घटनामा मुख्यमन्त्री कार्यालयका तत्कालीन सचिव यामप्रसाद भुसाल, जलस्रोत तथा सिचाइँ विकास डिभिजन कार्यालय जनकपुरका तत्कालीन प्रमुख भगवान झा, सहलेखापाल राजाराम मण्डल, भण्डार तथा जिन्सी शाखा प्रमुख रामस्वार्थ महतो, भण्डार शाखाका खरिदार जितमोहनकुमार दास र आपूर्ति कम्पनी ओम सत्य साई प्रालिका प्रबन्ध निर्देशक रणु अग्रवाललाई दोषी मानिएको थियो ।

अख्तियारले बोलपत्र मूल्यांकन समितिमा रहेका मन्त्रिपरिषद् कार्यालयका तत्कालीन उपसचिव दीलिपकुमार प्रधान, अधिकृत सुरेन्द्रकुमार कर्ण, सहलेखापाल राजाराम मण्डल
- बाँकी पृष्ठ ६ मा

# परीक्षा मर्यादित बनाउन मन्त्री यादवको आग्रह

*'यस वर्ष एसइइ परीक्षामा मधेश प्रदेशबाट ७९ हजार ९२ विद्यार्थी सहभागी हुनेछन् भने परीक्षाका लागि प्रदेशभर २ सय ७६ केन्द्र तोकिएको छ'*



मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
मधेश प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले शिक्षाको अवस्थामा सुधार ल्याउन परीक्षालाई मर्यादित बनाउनुपर्ने कुरामा जोड दिएका छन् ।

एसइइ परीक्षा २०७९ सवाल तथा व्यवस्थापनसम्बन्धी सुरक्षा निकायका प्रमुखसँग जनकपुरधाममा आयोजित अन्तरक्रियामा मन्त्री यादवले शिक्षाको गुणस्तरीयतामा सुधार ल्याउन परीक्षालाई मर्यादित बनाउनु बाहेक अर्को विकल्प नरहेको बताए ।

प्रदेशका ८ वटै जिल्लाका सुरक्षा निकायसँगको अन्तरिक्रियामा मन्त्री यादवले मधेशका ४ जिल्ला साक्षरताको दृष्टिकोणमा सबैभन्दा पछि पर्नु चिन्ताको विषय भएको बताए । उनले अब कुनै पनि परीक्षामा नक्कल गर्न नदिने गरी परीक्षालाई मर्यादित बनाउने गरी सुरक्षा व्यवस्थापन गर्न सुरक्षा निकाय प्रमुखलाई निर्देशनसमेत दिए । उनले सम्बन्धित पालिकाका प्रमुख, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक नेता तथा विद्यार्थीलाई यस विषयमा जानकारी गराउँदै आउँदो १७ गते देखि हुन लागेको एसइइ परीक्षालाई पूर्ण मर्यादितरुपमा सम्पन्न गराउन सुरक्षा निकायलाई निर्देशनसहितको आग्रह समेत गरे ।

कार्यक्रममा प्रदेशका प्रमुख सचिव कृष्ण बहादुर कटुवालले हालै सम्पन्न भएको जनगणनामा मधेश प्रदेशका ४ जिल्ला साक्षरताको दृष्टिकोणले मुलुकमा नै पछाडि परेको तथ्याङ्क आएको बताउँदै प्रदेशमा गुणस्तरीय शिक्षा आवश्यक रहेको बताए ।

कार्यक्रममा ८ वटै जिल्लामा एसईई परीक्षाका लागि हालसम्म भएको तयारी, सुरक्षा व्यवस्था, चुनौती र गर्नुपर्ने कामको विषयमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जानकारी दिँदै परीक्षालाई पूर्ण रुपमा मर्यादित बनाउने प्रतिवद्धता व्यक्त गरे । यस वर्षको एसइइ परीक्षामा मधेश प्रदेशबाट ७९ हजार ९२ विद्यार्थी सहभागी हुनेछ भने परीक्षाका लागि प्रदेशभर २ सय ७६ केन्द्र तोकिएको छ ।

# असन्तुष्ट पक्षद्वारा स्ववियुमा तालाबन्दी



मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन समितिको कार्यालयमा तालाबन्दी भएको छ ।

चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनमा समानुपातिक सूचीमा रहेको नाम छनोट प्रक्रिया विधानसम्मत नगरिएको भन्दै नेपाल विद्यार्थी संघ (नेविसंघ) का असन्तुष्ट विद्यार्थीले निर्वाचन समितिको कार्यालयमा तालाबन्दी गरेका हुन् । उनीहरुले वरियताक्रम मिच्दै विधानविपरीत समानुपातिक सूचीमा रहेकाको नाम आफूअनुकुल मनोमानी गरिएको आरोप लगाएका छन् ।

समानुपातिकसदस्यतर्फनेविसंघले चारवटा सिट पाएकामा सभापतिले वरियताक्रम मिच्दै दुई नम्बरमा रहेकालाई हटाएर ८ औं नम्बरमा रहेकी मनिषाकुमारी यादवको सिफारिस गरे सदस्य पदका उम्मेदवार सुशील अधिकारीले बताए । एक नम्बरमा नाम रहेका राजेशकुमार कर्ण, ४ नम्बरमा नाम रहेका उमेशकुमार मण्डल, ८ नम्बरमा नाम रहेका मनिषाकुमारी यादव र ९ नम्बरमा नाम रहेको दीपेन्द्र राउतको नाम सिफारिस गरिएको थियो । तीन नम्बरमा नाम रहेकी रञ्जना यादव, ५ नम्बरमा नाम रहेको युगान्धार बाबु साह, ६ नम्बरमा नाम रहेको दीपेन्द्र साह, ७ नम्बरमा नाम रहेका वाल्मीकि कुमार साह र १० नम्बरमा नाम रहेको राम नविन राय अमात्यको नाम वरियताक्रम मिच्दै हटाइएको उनीहरुको आरोप छ ।

उनीहरुले निर्वाचन समिति प्रमुख रेमन्त मोरवैतालाई वरियताक्रम अनुसार सिफारिस नगरिएसम्म समानुपातिक नामावलीको नाम प्रकाशन नगर्न आग्रह गर्दै निवेदन समेत बुझाएका छन् । निवेदनमा नेपाल विद्यार्थी संघको समानुपातिक सूचीमा इकाइ कमिटीमा विवाद देखिएकाले नेविसंघको केन्द्रीय कार्यसमितिको निर्णय नआउन्जेलसम्म नाम प्रकाशन नगर्न आग्रह गरिएको छ ।

# कोशीमा प्रहरी र आन्दोलनकारीबीच झडप

*२० भन्दा बढी घाइते, ४४ सेल अश्रुग्यास र १७ राउँड हवाई फायर*



मधेशदृष्टि
विराटनगर, १४ चैत ।
कोशी प्रदेशको नामाकरणको विषयमा भइरहेको आन्दोलनमा उत्रिएका प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा विराटनगरमा २० भन्दा बढी घाइते भएका छन् ।

मंगलबार दिउँसो विराटनगरको रोडशेष चोकमा दुई पक्षबीच झडप भएको थियो । झडपमा प्रहरी र आन्दोलनकारी दुवै तर्फ गरी २० भन्दा बढी घाइते भएका् हो । प्रदर्शनकारीलाई लखेट्न प्रहरीले १७ राउन्ड हवाई फायर गरेको छ भने ४४ सेल अश्रुग्यास प्रहार गरेको छ ।

झडपका कारण एक घण्टासम्म विराटनगरको बसपार्कको दक्षिणदेखि रोडेशष चोकसम्मको अवस्था तनावग्रस्त बनेको थियो ।

स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरीले १७ राउन्ड हवाई फायर, १३ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । सशस्त्र प्रहरी बलले ३१ सेल अश्रुग्यास प्रहार गरेको थियो ।

पहिचानका आधारमा प्रदेशको नामकरण गर्नुपर्ने र कोशी नाम खारेज गर्नुपर्ने माग गर्दै विभिन्न दल र संघसंस्थाका कार्यकर्ताहरु विराटनगरको होटल बिगमा दिगो विकास लक्ष्य प्राप्तिका लागि स्रोत व्यवस्थापन सम्बन्धी आयोजित कार्यक्रममा प्रदेशसभा सदस्यहरु सहभागी हुने जानकारी पाएपछि तिनीहरुलाई घेर्न पुगेका थिए ।

आन्दोलनकारीलाई प्रहरीले रोक्न खोजेपछि दुवै पक्षबीच झडप भएको थियो । आन्दोलनकारीले प्रहरीमाथि ढुंगामुढा गरेका थिए । झडपपछि कोण सभा गर्दै आन्दोलनकारी फर्किएका छन् । आन्दोलनकारी फर्किएपछि अवस्था सामान्य बनेको छ ।

झडपमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका १५ जना घाइते भएका छन् । आन्दोलनरत पक्षका ९ जना घाइते भएका थिए । डिएसपी विजय श्रेष्ठसहित १५ जना प्रहरी घाइते भएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक रञ्जन दाहालले बताए ।

आन्दोलनरत पक्षबाट शिव आङ्देम्बे, उदय नेम्वाङ, ज्ञानप्रसाद राई, एनके दर्नाललगायत ९ घाइते भएका छन् । घाइतेमध्ये चारको स्थानीय पारस अस्पतालमा उपचार भइरहेको जनाइएको छ । फागुन १७ गते प्रदेशसभाले प्रदेशको नाम कोशी राखेको थियो ।

पहिचान पक्षधरले प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समिति गठन गरेर पहिचानका आधारमा नाम राख्न माग गर्दै प्रदर्शन गरिरहेका छन् । प्रदर्शनकै क्रममा चैत ५ गते घाइते भएका पदम लिम्बुको चैत १० गते मृत्यु भएको थियो ।

# ज्याला माग्दा कुटपिट

मधेशदृष्टि
सप्तरी, १४ चैत ।
कामगरे बापतको ज्याला माग्दा सप्तरीमा एक मजदुर कुटपिटमा परेका छन् । सोमबार राति हनुमाननगर कंकालिनी नगरपालिका-६ का गंगा सुतिहारले स्थानीय २७ वर्षीय सन्तोष कुमार रजकलाई कामबापतको ज्याला मांग्दा कुटाइ खानु परेको हो । रजकले सुतिहारको घरमा काम गरेबापतको ज्याला मागेको विषयलाई लिएर कुटपिट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । कुटपिटबाट रजकको टाउकोमा गम्भीर चोट लागेको छ र उनको उपचार छिन्नमस्ता अस्पताल राजविराजमा भइरहेको छ । कुटपिट गर्ने सुतिहारको खोजतलास भइरहेको छ ।

# मन्त्रीको नाम टुंगो लगाउन सचिवालयको निर्देशन

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
नेकपा (एकीकृत समाजवादी)ले सरकारमा सहभागी हुने मन्त्रीहरुको नामावलीसहितको प्रस्ताव पार्टीको केन्द्रीय सचिवालयमा छिटो पेश गर्न तीन सदस्यीय कार्य दललाई निर्देशन दिएको छ ।

मंगलबार काठमाडौंको आलोकनगरस्थित कार्यालयमा बसेको पार्टी सचिवालयको बैठकले मन्त्रालय र मन्त्रीहरुको नामावलीसहितको प्रस्ताव तत्काल पेश गर्न पार्टी अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको कार्यदललाई निर्देशन दिएको हो । कार्यदललाई पार्टीले पाउने मन्त्रालय र प्रस्तावित मन्त्रीहरुको नामावलीसहितको प्रस्ताव छिटो पार्टी सचिवालयमा पेश गर्न निर्देश गरिएको पार्टी प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए ।

प्रस्तावमाथि छलफल गरेर मात्रै सरकारमा सहभागी हुने मन्त्रीहरुबारे टुंगोमा पुग्ने सकिने उनको भनाइ थियो ।

त्यसैगरी बैठकले मिटरब्याज पीडितहरुको आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै उनीहरुको माग तत्काल सम्बोधन गर्न पनि सरकारसँग माग गरेको छ ।

# प्रधानमन्त्रीविरुद्ध नाराबाजी गर्ने छुटे

मधेशदृष्टि
जनपुरधाम, १४ चैत ।
काठमाडौंको बानेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहालविरूद्ध नाराबाजी गर्दा पक्राउ परेका तीन युवक धरौटीमा रिहा भएका छन् ।

एक साताअघि सार्वजनिक कार्यक्रममा सहभागी हुन बानेश्वर पुगेका प्रधानमन्त्री दाहालविरुद्ध नाराबाजी गरेपछि प्रहरीले सोलुखुम्बुका २३ वर्षीय उद्धव बस्नेत, बझाङका १८ वर्षीय विप्लव खड्का र बाग्लुङका सोम शर्माको मुख बन्द गर्दै पक्राउ गरेको थियो । उनीहरु मंगलबार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा ५-५ हजार रुपैयाँ धरौटी तिरेर रिहा भएका हुन् । उनीहरूमाथि अभद्र व्यवहारको कसुर लागेको थियो । प्रशासनले धरौटीमा रिहा गर्न आदेश दिए पनि धरौटी रकम नबुझाएका कारण सोमबार उनीहरूलाई कारागार चलान गरिएको थियो । मंगलबार धरौटी बुझाएपछि उनीहरु रिहा भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरिक्षक (डीएसपी) निरञ्जन भट्टले जानकारी दिए ।

# किसान महासंघमा मधेशका चार मनोनीत

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपाल किसान महासंघको तदर्थ समितिमा १७ सदस्य मनोनीत गरेका छन् । मनोनीतमा मधेश प्रदेशका चार किसान नेता समेटिएका छन् ।

गणेश तिमिल्सिनाको अध्यक्षतामा रहेको महासंघको सदस्यमा मनोनीत हुनेमा मधेश प्रदेशबाट सर्लाहीका भवानी कोइराला, पर्साका विश्वराज घिमिरे, महोत्तरीका डा. धिरेन्द्र साह र सप्तरीका विवेकानन्द झा छन् ।

यस्तै, काठमाडौंका आदर्शविक्रम कार्की, नवलपुरका महेन्द्रभक्त अधिकारी, तनहुँका प्रभात आले, कास्कीका नम्रता बराल, सुर्खेतका प्रेमबहादुर घले, काठमाडौंका ईश्वर गिरी, कैलालीका डा. जितु उपाध्याय, झापाका कालु मेचे मनोनीत भएका छन् । त्यस्तै गोरखाका जनार्दन अर्याल, बाँकेका ऋचा लुईंटेल, डडेल्धुराका रमेश रावल, काठमाडौंका मनोज थापा र काठमाडौंकै विश्वनाथ दाहाल पनि किसान महासंघमा मनोनित भएका कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# आगलागीबाट दुई घर नष्ट

मधेशदृष्टि
वीरगंज, १४ चैत ।
बाराको सिम्रौनगढमा आगलागीबाट छ घर-गोठ जलेर नष्ट भएका छन् ।

सिम्रौनगढ नगरपालिका-२ रानीबास बजारमा मंगलबार बिहान लागेको आगलागीबाट करिब १० लाख रुपैयाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक सुरेन्द्र साहले जानकारी दिए । रामप्रित हाजराको घुरबाट सल्केको आगोले रामसुरत हाजरा, लालबाबु पासवान, राजेश पासवान, रमेश पासवान र गगनदेव पासवानको घर-गोठ जलेर नष्ट भएको वडाध्यक्ष अरबिन्द मुखियाले जानकारी दिए । आगोले नगद, अन्नपात, लत्ताकपडालगायत घरमा रहेका सामग्री पूर्णरूपमा जलेका छन् । बिहान ३ बजेदेखि लागेको आगो एक घण्टापछि प्रहरी र दमकलको सहयोगमा नियन्त्रणमा आएको थियो ।

उता, पर्साको ठोरी गाउँपालिका-२ हनुमान नगरस्थित पदमबहादुर पाण्डेको घरमा आगलागी हुँदा जस्ताले छाएको घरभित्र रहेको नगद, लत्ताकपडा, गरगहना, अन्नपात जलेर नष्ट भएको छ । बिहान ८ बजे लागेको आगलागीबाट ४ लाख ७३ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक शङ्कर श्रेष्ठले जानकारी दिए । बिहानको समय भएको र घरमा पालिएका पशुचौपाया पनि चरणमा लगिएकाले मानवीय र पशुधनमा भने कुनै क्षति नपुगेको उनले बताए । प्रहरीले विद्युत सर्ट भइ आगलागी भएको अनुमान गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# मिटरब्याजलाई अपराध मानेर कानुन बनाइने

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।

११ दिन लगाएर हिँड्दै मधेशबाट काठमाडौ पुगेका मिटरब्याजी पीडितको समस्या समाधान गर्न संघीय सरकारले मिटरब्याजलाई अपराध मान्दै आवश्यक कानुन बनाउने निर्णय गरेको छ । मिटरब्याजी पीडितले आफूहरूले न्याय पाउनुपर्ने माग गर्दै काठमाडौँ आएर आन्दोलन थालेपछि सरकारले गम्भीरता देखाउँदै आवश्यक निर्णय गरेको हो ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले मिटरब्याजलाई अपराध मानेर कानुन बनाउँदै पीडितलाई आवश्यक कारबाही गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरेको हो । त्यसका लागि अपराध संहिता २०७४ लाई संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गर्ने निर्णय भएको एक मन्त्रीले जानकारी दिए । साहुकारले साँवाको चार गुणा ब्याज लिइसक्दा पनि अझै तिर्न धम्की दिएपछि उनीहरू संघीय सरकारलाई दबाब दिने उद्देश्यका साथ काठमाडौँ पुगेका हुन् । कानुनमा मिटरब्याज शब्द छैन । तमसुक कागजको भरमा साहुबाट ऋण लिएपछि तिर्न नसक्दा मुद्दा अदालतमा पुग्दै आएको छ । कानुनमा स्पष्ट



उल्लेख नहुँदा मिटरब्याजीलाई सरकारले तत्काल न्याय दिन सक्ने अवस्था नरहेको गृह मन्त्रालयको भनाइ छ।सरकारले गत भदौमा गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसालको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरेको थियो । सोही कार्यदलले दिएको सुझावका आधारमा कानुनी मस्यौदा बनाउन कानुन मन्त्रालयमा सिफारिस गरेको सात महिनापछि अहिले तर, कानुन बनाउने निर्णय भएको हो । शिक्षा र कानुनी ज्ञान भएका नागरिकहरूका हकमा लेनदेन सम्बन्धी यो प्रावधान उचित देखिए तापनि गाउँघरका सीमान्तकृत, विकल्पविहीन र अशिक्षित वर्गलाई ऋणीले लिएको ऋण भन्दा धेरै गुणाको तमसुक बनाउने, अदालती प्रयोजन र असुली प्रयोजनका लागि अलगअलग तमसुक बनाउने र त्यसको अतिरिक्त घरजग्गा रजिस्ट्रेसन पास गराई लिने तथा बैंक तथा वित्तीय संस्थाले जस्तै गरी घरजग्गा दृष्टि बन्धक राख्ने जस्ता क्रियाकलापहरू देखिएकोले विद्यमान कानुनका परिमार्जन गर्नुपर्ने सुझाव कार्यदलको थियो । तत्कालीन समयमा एक व्यक्तिले कति जनालाई कति रकम सम्म ऋण दिन पाउने भन्ने सीमा तोकी सीमाभित्रको कारोबार गरेको तमसुक सम्बन्धित वडाका प्रतिनिधिको रोहवरमा मात्र गर्ने भनिए पनि अहिले ती कानून कार्यान्वयनमा आउन सकेको छैन । गृह मन्त्रालयको नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाकी प्रमुख एवं सहसचिव रुद्रादेवी शर्माले हालसम्म देशभरबाट मिटरब्याजीविरुद्ध तीन हजार तीन सय ५१ वटा उजुरी परेको जनाएकी छिन् । जिल्ला प्रशासन कार्यालय र प्रहरीमा परेका उजुरी अनुसार कतिपय प्रहरी र प्रशासनले हेर्न नमिल्ने खालको रहेको बताउँदै शर्माले पाँच सय २५ वटा उजुरी अदालतबाट हेर्नुपर्ने देखिएको जनाएकी छिन् । उनका अनुसार प्रहरीले ८ सय ५० वटामा मिलापत्र गराएको छ । एक हजार एक सय ८१ वटा उजुरी अझै पनि अनुसन्धानमै छन् । त्यसै गरी ७ सय ४४ वटा उजुरी हेर्ने प्रक्रियामा छ भने ३५ वटाको केश नै टुंगिसकेको छ ।

नेपालको विद्यमान कानुनले लेनदेनसम्बन्धी मुद्दालाई देवानी संहिता अन्तर्गत व्यक्तिवादी मुद्दाको रूपमा राखी लिखतका आधारमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्ने कानुनी प्रावधान रहेको देखिन्छ। 'फछर्यौट नभएका मुद्दालाई चाँडो छिनोफानो गर्न सम्बन्धित कार्यालयमा पटक पटक पत्राचार भएका छन्,' शर्माले भनिन्, 'कानुनको अभावमा पनि धेरै मुद्दा पेन्डिङमा छन् ।' वित्तीय कारोबार गर्न अनुमति नलिई अति उच्चदरमा ऋण प्रवाह गर्ने, किर्ते कागज खडा गर्ने र ऋण तिर्न नसक्नेहरूलाई धम्की वा हिंसाको माध्यमबाट आतङ्कित वा भयभीत पारी वा छलपूर्वक जायजेथा हडपी ऋणको धेरै गुणा रकम असुल गर्ने व्यक्ति पनि मिटरब्याजीभित्र पर्छन् ।

# ४० लाखको ढलानमा स्थानीयको अवरोध



मधेशदृष्टि
वीरगंज, १४ चैत ।

वीरगंज महानगरपालिका-११ श्रीपुरमा प्रदेश सरकारले निर्माण गर्न लागेको सडकमा उपभोक्ता समितिले गैरजिम्मेवारी ढंगले काम गरेको स्थानीयले आरोप लगाएका छन् । उनीहरुले निर्माणको काम पनि रोकेका छन् ।

बिग्रेको सडक बनाउन प्रदेश सरकारले श्रीपुर मन्दिरदेखि उत्तरको पुलसम्म सडक ४० लाख रुपैयाँ पठाएको छ । तर उपभोक्ता समिति तथा वडाध्यक्षले स्थानीयसँग छलफल नगरी आफुखुशी सडक ढलान गर्दा स्थानीयले अवरोध गरेका हुन् । स्थानीयको भनाइअनुसार सडक कालोपत्र रहेको तर कालो पत्रमाथि पक्की ढलान गर्दा बाटो सधैँका लागि बिग्रने भएकाले अवरोध गरिएको स्थानीयका भनाइ छ । प्रदेश सरकारले पठाएको रकममा कालोपत्रे हुने अवस्था भए पनि उपभोक्ता समितिले आफूलाई फाइदा तथा सजिलो हुने गरी काम गर्न थालेपछि अवरोध गरिएको उनीहरुको भनाइ ।

प्रदेश प्राविधिक कार्यालय वीरगंजका प्रमुख दीपक मिश्राले स्थानीयको रायबेगर काम नहुने बताए । स्थानीयले अवरोध गरेपछि काम रोकिएको छ । स्थानीका अनुसार, सडक बनाउन गठित उपभोक्ता समिति नै अवैध हो ।

# पर्खाल भत्किदा एकको मृत्यु



मधेशदृष्टि
सप्तरी, १४ चैत ।

रुपनीमा इँटा भट्टाको पर्खाल भत्किदा मंगलबार एक कामदारको मृत्यु भएको छ भने दुई कामदार घाइते भएका छन् ।

रुपनी-२, पिपराहीस्थित जेएसआर इँट्टा उद्योगमा कार्यरत मजदुर भारत, वेस्ट बंगाल, कुचविहारका ४५ वर्षीय अलिम अजिमको मृत्यु भएको प्रहरीले जनाएको छ । इँटा निकाल्ने क्रममा भट्टाको पर्खाल भत्किँदा अलिम चेपिएर घाइते भएक ।थिए । उनको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा मृत्यु भएको हो । घटनामा मृतककी पत्नी २८ वर्षीया मुजिना र भारत वेस्ट बंगालकै सिहमारी ग्राम पञ्चायतका २५ वर्षीया जयारुल हक घाइते भएका छन् । उनीहरुको गजेन्द्रनारायण सिंह अस्पतालमा सामान्य अवस्थामा उपचार भइरहेको छ ।

# जनकपुरधाममा मेयर कप हुने



मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।

विश्व खेलकुद दिवसका अवसरमा चैत २३ गतेदेखि जनकपुरधामको प्रस्तावित रामजानकी रंगशालामा जिल्लास्तरीय क्रिकेटः मेयर कप हुने भएको छ ।

मेयर कप क्रिकेट प्रतियोगितामा मधेश प्रदेशका आठ जिल्लाबाट एक टोली र कोशी प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशबाट एक-एक टोलीले सहभागिता जनाउने छन् ।

ज न क पु र धा म उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले मंगलबार पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएका हुन् ।

जनकपुरधाम उपमहानगरपालिका आयोजक तथा धनुषा जिल्ला क्रिकेट संघको संयोजनमा मेयरकप प्रतियोगिता हुन लागेको हो । विजेताले २ लाख ५२ हजार रुपैयाँसहित शिल्ड, उपविजेताले १ लाख ५१ हजार रुपैयाँ र शिल्ड पाउने बताइएको छ ।

म्यान अफ द म्याच, म्याच अफ द सिरिज, बेस्ट बलर र बेस्ट ब्याट्स म्यानलाई पनि नगद पुरस्कार दिइने छ ।

कार्यक्रमका लागि जनकपुरधाम उपमहानगरपालिकाले १५ लाख रुपैयाँ दिने भएको छ ।

त्यस्तै, एक संस्थाले १० लाख दिने घोषणा गरेको छ । ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# सामुहिक हनुमान चालीसा पाठ

मधेशदेष्टि
वीरगंज, १४ चैत ।

हिन्दूधर्म संस्कृतिको संरक्षणका लागि वीरगंजका युवाले चिया पसल अगाडि सामुहिक हनुमान चालीसा पाठ गरेका छन् ।

वीरगंजको केन्द्रमा रहेको महावीरस्थान मन्दिर छेउमा रहेको चिया पसल अगाडि मंगलबार बिहान सनातन धर्मप्रति आस्था राख्ने युवाले सामुहिक हनुमान चालीसा पाठ गरेका हुन् । मंगलबार भगवान हनुमानजीको लागि विशेष दिन रहेको मान्यता छ । त्यसैकारण मंगलबार बिहान स्वेच्छाले मन्दिर दर्शन गर्न पुगेका युवाको समुहले सामुहिक हनुमान चालीसाको पाठ गर्नुका साथै हरेक मंगलबार बिहान ७:१५ मा पाठ गर्ने योजना बनाइएको देवेश गुप्ताले जानकारी गराए । धर्मप्रति सबै जागरुक हुन् भन्ने उद्देश्यले साताामा केही घण्टा आफ्ना धर्मका लागि खर्च गर्दै साथीभाइसँग भेटघाटको राम्रो माध्यम हुने गरी हनुमान चालीसा पाठ गरिएको रिसभराज अग्रवालले बताए । हनुमान चालीसा पाठ गर्ने समूहमा देवेश गुप्ता, रिसभ अग्रवाल, बिकी सर्राफ, सौरभ गुप्ता, सौर्या सर्राफलगायत विभिन्न संघ संस्थाका युवाको सहभागिता थियो ।

# मिटरब्याजीको समस्या समाधान गर्न आयोगको अपिल



मधेशदृष्टि
काठमाडौँ, १४ चैत । मिटरब्याजी पीडितको समस्या तत्कालै समाधान गर्न मधेशी आयोगले सरकारलाई अपिल गरेको छ ।

सरकारले उनीहरूको समस्या तत्कालै समाधानका लागि ' बहुवैकल्पिक पहल' गरी पीडितहरूको अधिकारलाई राज्यले संरक्षण गर्न अपिल गर्दै आयोगले 'राइट टु स्पिक एक्सप्रेस' लोकतान्त्रिक अधिकारलाई समेत सम्मान गर्न अपिल गरेको छ ।

तराईबाट ११ दिन लगाएर मिटरब्याजी पीडित काठमाडौँ पुगेका छन् । उनी काठमाडौँमा विभिन्न ठाउँमा प्रदर्शन गरिरहेका छन् । सरकारले वार्ताका लागि आह्वान पनि गरेको छ तर पीडितहरू वार्तामा बस्न तयार देखिएको छैन ।

मधेशी आयोगले पीडितहरूसँग छलफल तथा समाधानका लागि आयोगका सदस्यहरू जीवछ साह, रेणु देवी साह र आभाकुमारी सहितका टोलीलाई आयोगले स्थलगत अनुगमनका लागि जिम्मेवारी दिई सकिएको छ ।तराई-मधेशका अति विपन्न, विपन्न र मध्यम वर्गीय जनताहरू दशकौंदेखि बहुआयामिक गरिबीमा पिल्सिएको उल्लेख गर्दै आयोगले आम जनताको पहुँचमा बैंकिङ्ग र वित्तीय संस्थाहरू ' आकाशको फल' जस्तै भएको अपिलमा उल्लेख गरेको छ ।कुपोषण र गरिबीबाट बाँच्नु नियती नै भइसकेको आयोगले जनाएको छ । साहुहरूको मिटर ब्याजले मानसिकरूपमै विक्षिप्त बनाएको उल्लेख गर्दै आयोगले जीवनयापनको कुनै पनि आधार नदेखिएपछि आत्महत्या गर्न पीडितहरू बाध्य भएको आयोगले जनाएको छ । राज्य यसको जानकार छ कि छैन ठम्याउन नसकेको आयोगले बताएका छन् ।

# साथीले बन्दुक चलाउँदा छर्रा लागेर मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।

सिकार खेल्ने क्रममा भरुवा बन्दुकको छर्राले लागेर ताप्लेजुङमा एक जनाको ज्यान गएको छ । आठराई त्रिवेणी गाउँपालिका-३ हाङपाङमा आफ्नै साथी ५२ वर्षीय वीरबहादुर गुरुङले चलाएको भरुवा बन्दुकको छर्रा लागेर ५८ वर्षीय ललित गुरुङको ज्यान गएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी निरीक्षक कुशराम कार्कीले जानकारी दिए ।

उनका अनुसार सेमबार राति कालीदह जङ्गलमा सिकार खेल्ने क्रममा ललित गुरुङलाई बन्दुकको छर्राले लागेको थियो । वीरबहादुरलाई भरुवा बन्दुकसहित हाङपाङ प्रहरी चौकीको टोलीले पक्राउ गरेको छ ।

# दुर्घटनामा दम्पतीको निधन

मधेशदृष्टि
जनकपुरधाम, १४ चैत ।

ललितपुर महांकाल गाउँपालिका १ बुखेलमा मोटरसाइकल दुर्घटना हुँदा दम्पतीको मृत्यु भएको छ । उनीहरूकी ५ वर्षीया छोरी गम्भीर घाइते भएकी छन् । मृत्यु हुनेमा मोटरसाइकल चालक ललितपुरकै बाग्मती गाउँपालिका-७ घर भई बुखेल बस्ने ३५ वर्षीय विष्णुप्रसाद फुयाल र पत्नी ३४ वर्षीय सृजना फुयाल रहेको ललितपुरका डीएसपी भुवनेश्वर साहले जानकारी दिए । बुखेलबाट गोटीखेल जाँदै गरेको बा ३९ प ४८९९ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ सडकबाट करिब ४ सय मिटर तल खसेको थियो । घाइते बालिकाको पाटन अस्पतालमा उपचार भइरहेको छ ।

# फोनबाट प्रेम, वीरगंज आउँदा प्रेमी गायव !

मधेशदृष्टि
वीरगंज, १४ चैत ।

मोबाइल फोनमार्फत चिनजान भएका युवकले वीरगंज बोलाएकी भारतीय किशोरीको प्रहरीले उद्धार गरेको छ । उनलाई फोन गरेर बोलाउने प्रेमी भने प्रहरीको खोजीमा छन् ।

मानव तस्करविरोधी एकाइ मुख्यालय रक्सौलका प्रहरी निरीक्षक मनोज शर्मा नेतृत्वको टोलीले भारतीय किशोरीको उद्धार गरेको हो । रक्सौलस्थित भारतीय आयल निगम नजिकबाट बिहारको बछुअरा जिल्ला बेगुसरायकी किशोरीको उद्धार भएको हो । उद्धार गरिएकी किशोरीले आफूसँग फोनको माध्यमबाट युवकसँग चिनजान बढेको र नेपालमा उनको दिदीको घरमा जाने भनेर रेलबाट रक्सौल आएको बताइन् । उनीसँग रहेको मोबाइलमा नेपाली नम्बरबाट बारम्बार फोन आएको र फोन रिसिभ गर्दा युवकले वीरगंजस्थित कैलाश होटलनजिक आएर फोन गर्न भनेको भारतीय प्रहरीले बताएको छ ।

उनको मोबाइलमा पछिल्लो कल प्रहरीले उठाएको थियो । प्रहरीले घटनामा संलग्न युवकविरुद्ध हरैया थानामा जाहेरी दर्ता गराएको र नाबालिकालाई परिवारको जिम्मा लगाउने गरी काम अघि बढाएको शर्माले बताए ।

नाबालिका उद्धारमा जुवेनाइल एड सेन्टर पूर्वी चम्पारणकी परामर्शदाता आरती कुमारी, एन्टी ह्युमन ट्राफिकिङ टिमका उपनिरीक्षक नेहा सिंह, आरक्षी डोली रानी, मिकी कुमारीले सहयोग पुऱ्याएका थिए ।

## सम्पादकीय

# 'अल्पमत'को झट्का, 'बहुमत'को मोसो

सिरहा, गोलबजार नगरपालिकाका मेयर श्यामकुमार श्रेष्ठलाई मंगलबार कार्यालयमै केही राजनीतिक व्यक्तिले मोबिल छ्याप्ने प्रयत्न गरे । उनलाई एउटा व्यक्तिले फाइल दिएजस्तो गरे, अर्काले टाढाबाट मोबिल छ्यापे । त्यहाँ पर्चा पनि छरिइसकेको थियो कि, उनले गोलबजार नगरपालिका राम्रोसँग चलाउन सकेनन्, अनेक भ्रष्टाचारका कान्डमा श्रेष्ठको संलग्नता छ । त्यसैले नेकपा बहुमतले उनलाई जनकारबाही गरेको हो । यो जनकारबाही सानो समूहमा आएकाले गरेकाले त्यति भाइरल हुन पाएन ।

भिडियो बाहिर आएन । श्रेष्ठका चालकले एकजनालाई समात्न भ्याए । अरु भागे । कर्मचारी र मेयर पक्षधरले नूनको सोझो गरे, निरीह एक व्यक्तिलाई नियन्त्रणमा लिएपछि पनि फेरि भकुरे, रिस फेरे । त्यतिले पुगेन राजमार्गमा केहीबेर यातायात बन्द गराइयो ।

एउटाले कानुन हातमा लिन खोज्दा अरु पनि कानुन नै हातमा लिएर 'खुनको बदला खुन' भनेजसरी अराजक गतिविधिलाई समाजले पक्षपोषण गरिरहेको छ । यो गलत हो भनेर के गर्ने, जसले पढे, तिनीहरु त्यहाँ यातायात रोक्ने र पिट्नेमा थिएनन्, जसले त्यो काम गरे, उनीहरु पढ्दैनन् । गलत हो भन्ने बुझ्दैनन् ।

मधेशका स्थानीयहरुमा अल्पमत र बहुमतको खेलबारे मंगलबार मधेशदृष्टिले विशेष कभरेज गरेको छ । जहाँ दोहोऱ्याएर जितेका पालिका प्रमुखले विकास निर्माणको काम गरौँ भन्दा पनि कार्यपालिका सदस्यहरुले उल्झन गरेको भनेर विरक्ति, पीडा र आक्रोश आएका छन् । फरक पार्टी भएकै कारण, कार्यपालिकामा बहुमत नभएकै कारण गाउँ सभासमेत गर्न नसक्ने पालिका पनि छन् । उसो त ९ महिना कुनै काम नगरी जनप्रतिनिधिले भत्ता मात्रै खाएका छन् ।

कतै पालिका प्रमुखले हटाएको कार्यकारी नै ल्याउने काम भएको छ, कतै पालिकाले ल्याएको कार्यकारी अधिकृतलाई १५ दिनमै सरुवा गराउन सिंगो दलहरु नै लागेको पाइएको छ । पालिकामा पहुँच नभए पनि प्रदेश र केन्द्र सरकारमा पहुँच बनाएर उनीहरुले गरेको उल्झनले राजनीतिक रिसिइबी त साँध्न मिल्ला तर पालिकाका सयौँ योजना, हजारौँ र लाखौँ जनतामाथि गरिएको अन्यायको क्षतिपूर्ति चैँ कहिले हुन्छ ? असार आउन लागिरहँदा नयाँ बजेट बनाउने बेला पुरानै बजेटमा समेत सहमति भइरहेको छैन । सिरहा, धनुषा, महोत्तरीका यस्ता समस्याहरु बाहिर आएका छन् ।

सबैतिर 'अल्पमत'को पिरलो भइरहँदा सिरहाको गोलबजार नगरपालिकामा भने 'बहुमत'को आक्रमणमा मेयरसाब परेका छन् । अर्थात् नेकपा बहुमत । राजनीतिक मुद्दाहरुको छिनोफानो राजनीतिक सम्वादले मात्रै हो । तर मोसो दल्ने, आक्रमण गर्ने, प्रतिआक्रमणमा उत्रिनेजस्ता आपराधिक घटनाले स्थानीय सरकार आक्रान्त छ । अनशन र रिले अनशनका त हामीले धेरै शृंखला हेरिसक्यौँ, भोगिसक्यौँ ।

सम्वादबाट समाधान खोजिनुपर्छ । विकासका काम रोकिनु हुन्न । विकासका काम किन रोकियो, राजनीतिक द्वन्द्व बन्द गर भनेर स्थानीयस्तरबाट नागरिक जुरुक्क नउठेसम्म अल्पमत र बहुमतका नाममा स्थानीय सरकारलाई काममा अवरोध आइरहने देखिन्छ । अर्कातिर मेयर र उपमेयरले पनि विकासका काममा सबैलाई समेटेर लैजाने गरी छाती चौडा बनाउनु पर्छ । यसो गर्दा जनताले साथ दिन्छन् । जब जनता साथमा हुन्छन्, कर्मचारी र कार्यपालिका पनि समयमा ठेगानमा आउने नै छन् । केही पाउन केही गुमाउन तयार नहुनेहरु चैँ निशानामा परिरहेको प्रष्टै छ ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# एकमहिनादेखिको आन्दोलनमा राज्यको मौनता



– प्रमोद कुमार साह

- *भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई भूमिहीनलाई जग्गा प्रदान गर्नेसम्बन्धी कुनै अधिकार नै छैन ।*
- *लगातार धर्नामा बसेका भूमिहीनका लागि भोजनमासमेत समस्या भएपछि मुठी चामल संकलन अभियानले दर्जनौँ प्रदर्शनकारीको छाक टरेको छ ।*
- *सडकमै सुतेर धर्नादेखि सरकारलाई चुरा प्रदान, लालटिन प्रदर्शन र 'बाका लागि भूमि देउ' भन्दै बच्चाहरुद्वारा पनि प्रदर्शन ।*
- *प्रत्येक स्थानीय तहमा भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत विवरण पठाउन पत्राचार तर स्थानीय तह जवाफविहीन ।*

जनकपुरधामको जनकचोकमा एक महिनादेखि विभिन्न पाँचबुँदे मागसहित धर्नामा बसेका चुरे तथा वनजंगल संरक्षण अभियानमा आवद्ध भूमिहीनको धर्नाप्रति तीनवटै निकाय मौन देखिएको छ । फागुन ११ गतेदेखि जनकपुरधामस्थित राराब क्याम्पसकै बगलमा रहेको गुठीको जग्गामा हजारौँको संख्यामा अनिश्चितकालीन धर्ना सुरु गरेका अभियानीलाई जग्गा कब्जा गर्न आएको भन्दै सोही ठाउँका स्थानीयले अवरोध गरेपछि फागुन १२ गतेदेखि अभियानीले जनकपुरधामको मुटु मानिने जनकचोकमा धर्ना सुरु गरे । २४ सै घण्टा दिनरात धर्ना दिँदै आएका अभियानीको मागप्रति कुनै पनि निकायको अहिलेसम्म मुख खुलेको छैन, बोली फुटेको छैन ।

अभियानी विभिन्न ५ सूत्रीय माग राख्दै अनिश्चितकालन धर्नामा छन् । जनकपुरधामको जनकचोकमा सुकुम्बासीको एक समूहले विभिन्न माग राख्दै ६ दिनदेखि अनिश्चितकालीन धर्ना दिइरहेका छन् । अभियानीले विगतमा तीनवटै तहका सरकारहरू आफूहरूको मुद्दाप्रति गम्भीर नभएकाले फागुन ११ गते बिहीबारदेखि बाध्य भएर 'जनआवाज आन्दोलन' थालेको चुरे तथा वन जंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले बताए । संयोजक यादवले धर्नाअघि ध्यानाकर्षणसहित मुख्यमन्त्री कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालय धनुषाअगाडि प्रदर्शनसमेत गरे । आन्दोलनकारीले पाँच दिनदेखि धर्नास्थलमै खाना पकाउने, त्यही खाने र धर्ना गर्ने गरिरहेका छन् । संयोजक यादवले चुरे तथा वन जंगल संरक्षण अभियान र मधेश प्रदेश सरकारबिच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न, अवैध क्रसर उद्योगको गतिविधिमा रोक लगाउन र दीलिप महतोलाई पर्यावरणीय सहिद घोषणा गर्नुपर्ने माग राखे ।

यादवले धर्नास्थलमा तीनवटै सरकारका कुनै पनि प्रतिनिधि नआएको र आफूहरू जनकपुरधाममा धर्नामा बसे पनि उपमहानगरले हेर्नसम्म नआएकाप्रति दुःख व्यक्त गरे । उनले दलितका नाममा सञ्चालनमा रहेका विभिन्न संस्थाले पनि आआफ्नो रोटी सेक्ने काम मात्रै गरिरहेको बताए । भूमिहीन तथा सुकुम्वासीको आवासको हक मौलिक हकका रूपमा धारा ३७ मा व्यवस्था भएकाले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने माग राखेर धर्नामा छन् । संयोजक यादवले वैदेशिक रोजगारीसम्बन्धी समस्या समाधान गर्न संविधानको धारा ३३ मा व्यवस्था भएअनुसार सुरक्षित तथा योग्यताअनुसार सुनिश्चित गरी रोजगारीको व्यवस्था मिलाउनुपर्ने र स्थानीय तहको निर्वाचन गैरदलीय प्रतिस्पर्धाअन्तर्गत व्यवस्था मिलाउँदै दलितको लागि राजनीतिक आरक्षण सुनिश्चित गर्न पालिका प्रमुख चक्रीय प्रणालीमा व्यवस्था गर्न संघ सरकारले निर्वाचन कानुन परिमार्जन गरी कार्यान्वयन गर्न माग गर्दै आएका छन् ।

### एक मुठी चामल अभियान

धर्ना प्रदर्शनमा बसेकाको लागि भोजन व्यवस्था गर्न र नागरिकलाई अभियानको आन्दोलनसँग जोड्ने मुख्य उद्देश्यले एक मुठी चामल अभियान सञ्चालन गरेको छ । लगातार धर्नामा बसेका भूमिहीनका लागि भोजनमासमेत समस्या उत्पन्न भएको समयमा सोही मुठी चामलले दर्जनौँ प्रदर्शनकारीको दुई छाक टर्ने गरेको अभियानका राष्ट्रिय संयोजक यादवले बताए । मुठी चामल संकलनको ब्यानर लिएर जनकपुरधाम नगर क्षेत्रसहित धनुषा र महोत्तरीको विभिन्न गाउँमा एक मुठी चामल संकलन जारी छ । जनकपुरधामको पसलमासमेत अभियानका व्यक्तिले चामल संकलन गरेको देखिएको छ ।




### मधेश प्रदेशको कृषि मन्त्रालय घेराउ

धर्नामा बसेको १७ दिनपछि कुनै पनि निकायले नसुनेपछि शान्तिपूर्ण धर्नामा बसेका चुरे तथा वन जंगल संरक्षण अभियानका अभियानीले धर्नाका साथै सडक संघर्षको समेत घोषणा गरे । विभिन्न माग राखी शान्तिपूर्ण धर्नामा बस्दै आएका अभियानी तथा भूमिहीनको वास्ता सरकारले नगरेको र सरोकारवालालाई शान्तिपूर्ण तरिकाले बुझाउन खोज्दा कुनै वास्ता नगरेको भन्दै सडक संघर्ष घोषणा गरिएको हो ।

सडक संघर्ष घोषणा गरेको भोलिपल्ट अर्थात फागुन २८ गते आइतबार आफ्ना माग पूरा गर भन्दै चुरे अभियानीले मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय घेराउ गरे । अनिश्चितकालीन धर्नामा बसेका चुरे अभियानी आफ्नो मागप्रति तीनै तहका सरकारले बेवास्ता गरेको भन्दै दोस्रो चरणको आन्दोलनअन्तर्गत मन्त्रालयअगाडि प्रदर्शन गर्दै घेराउ गरेका थिए । घेराउपश्चात आन्दोलनबाट नै उदाएका जनमत पार्टीबाट कृषिमन्त्री बनेका बसन्त कुशवाहाले अभियानीलाई कार्यालयमा छलफलका लागि बोलाए तर मन्त्रीले उपरोक्त मागहरु प्रदेश मन्त्रालयअन्तर्गत नरहेको भन्दै मागप्रति बेवास्ता गरे । चुरे तथा वन जंगल संरक्षण अभियानीको मागबारे मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहले आफ्नो अधिकार क्षेत्रको कुरा नभएको र माथिल्लो निकायमा पहलका लागि कुरा राखिसकेको भन्दै आफनो कर्तव्यबाट पछि हटेका थिए ।

यता निकै नै आशा र अपेक्षाका साथ मन्त्रालय घेर्न पुगेका अभियानीलाई मन्त्रीको जवाफ सुनेपछि भूमिहीनहरुको समस्या समाधान नै गर्न नसक्ने भूमि मन्त्रालय के कामको भन्दै मन्त्रालय नै खारेजी गर्नुैपर्ने भन्दै अभियानीले रोष प्रकट गरेका थिए । अभियानका संयोजक यादव प्रदेश सरकारले कहिले आफ्नो अधिकार क्षेत्रमा नरहेको र त कहिले ऐनमार्फत आयोग बनाएर समस्या समाधान गर्ने भनी दोहोरो चरित्र देखाइरहेको आरोप लगाए । उनले भने, 'सम्बन्धित कृषि मन्त्रालयले भन्छ, हाम्रो क्षेत्राधिकारमा छैन, यदि उहाँको क्षेत्राधिकारमा छैन भने भूमिव्यवस्था मन्त्रालयको यहाँ काम हटाउँदा हुन्छ ।' उनले भने, 'प्रदेश सरकार मातहतका मन्त्रालयहरु सबै कुरामा संघ सरकारको अधीनमा रहेको भन्दै पन्छिदै आएको छ । तर कमिसन आउने हरेक काम गर्दै आएका छन् । प्रदेश सरकार विकास निर्माण र जनताको समस्या समाधान गर्न होइन, भ्रष्टाचारको अखडा बनेको उनको आरोप छ ।

### प्रदेश सरकारले गरेको सम्झौता कागजमै सीमित

सिरहास्थित मारूती सिमेन्टले कब्जा गरेको वनबुट्यानको जग्गा फिर्ता हुनु पर्नेलगायतका विभिन्न ५ बुँदे माग राख्दै चुरे तथा वन जंगल संरक्षण अभियानले विभिन्न समयमा आन्दोलन गरे पनि अभियानीले २०७८ साउन २८ गते देखि जनकपुरधामको जनकचोकमा अभियानका राष्टिय सहसंयोजक रानी राय र धनुषा अध्यक्ष अमन यादवले संयुक्तरुपमा आमरण अनशन सुरु गरे ।

चुरे अभियानीमाथि लगाइएको झुठ्ठा मुद्दा खारेज, वन नियमावली २०५१ को दफा २२ लाई मिचेर डिभिजन वन कार्यालय सिरहाका प्रमुख सुभाष दासले आर्थिक कार्यक्रम सञ्चालन गरेको र सो कुन आधारमा गरेको हो, त्यसको छानबिन, गत आर्थिक वर्षमा डिभिजन वन कार्यालय सिरहाले कोटेसनमार्फत खरिद गरेको फलफूल विरुवा खरिदमा गरेको अनियमितता छानबिन र आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा डिभिजन वन कार्यालय सिरहाले गरेको कार्यमाथि छानबिन हुनु पर्नेलगायतका मागसहित आमरण अनशनमा बसे । आमरण अनसन ९ दिनसम्म चलेको थियो । नवौँ दिन अर्थात २०७८ भदौ ४ गते प्रदेश सरकारको तर्फबाट तत्कालीन भौतिक योजना विकास मन्त्री रामसरोज यादवले सातबुँदे लिखित सम्झौता गर्दै अभियानीका अनसन तोडाएका थिए । सम्झौता गरेको वर्षौं बित्यो, सरकार पनि परिवर्तन भए तर लिखित सम्झौता पालना गरिएन । यता लिखित सम्झौताप्रति पनि प्रदेश सरकारले टेरपुच्छर नलाएपछि व्यापक दबाब सृजना गरियो । दबाबपछि प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २०७८ साल भदौ २० गते वन मन्त्रालयका उपसचिवको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरेर प्रतिवेदन बुझाए तर प्रदेश सरकारले प्रतिवेदन थन्क्याएपछि सार्वजनिक गर्न माग गर्दै चुरे तथा वनजंगल संरक्षण अभियानले मधेश प्रदेशको राजधानी केन्द्रित गरी अनिश्चितकालीन सडक संघर्ष घोषणा गरे र सोहीअनुसार सडकमै सुतेर धर्नादेखि लिएर सरकारलाई चुरा प्रदान, लालटिन प्रदर्शन र 'बाका लागि भूमि देउ' भन्दै बच्चाहरुले समेत प्रदर्शन गरे । त्यसपछि प्रदेशका तत्कालीन वनमन्त्री शत्रुघन महतोले पहिले बनाइएको प्रतिवेदन उत्कृष्ट नरहेको भन्दै पुनः सचिवस्तरीय समिति गठन गरी तीन दिनमा प्रतिवेदन सार्वजनिक गरियो । तर प्रतिवेदन सार्वजनिकीकरणमा सञ्चारकर्मीलाई बोलाइएन ।

### प्रदेश सरकारको नीतिमा छ चुरे संरक्षण

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा चुरे तथा प्रकृति संरक्षणमुखी कार्यक्रमलाई प्राथमिकता दिइएको छ । 'चुरे जोगाऔं, मधेश बचाऔं', 'जहाँ बाटो त्यहाँ रुख, जसले ल्याउछ परमसुख' जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रममा वन तथा वातावरण क्षेत्रको समष्टिगत दिगो विकास, संरक्षण, सम्वर्द्धन, उचित व्यवस्थापन र सदुपयोगका लागि मधेश प्रदेशको वन तथा वातावरण गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने उल्लेख छ । नदी नियन्त्रण, पहिरो तथा भूक्षय नियन्त्रणका लागि विभिन्न सरोकारवालासँगको समन्वय र सहकार्यमा जलाधार व्यवस्थापन प्रणाली लागु गरिने भनिएको छ । सकेसम्म स्थानीय स्रोतसाधन र जैविक अभियान्त्रिक विधिको समुचित प्रयोगका माध्यमबाट कम लागतमा संरचना निर्माण गरी दिगो नियन्त्रण प्रणालीको नीति लिइनेछ । साझेदारी वन, सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, चक्लाबन्दी वन, सार्वजनिक वन र कृषि वनलगायतका वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम विकास कार्यक्रममार्फत वन क्षेत्रबाट उल्लेख्य रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्न 'समृद्धिका लागि वन कार्यक्रम' कार्यान्वयनमा ल्याइने उल्लेख छ ।'जहाँ बाटो तहाँ रुख, जसले ल्याउँछ परमसुख' को नारालाई चरितार्थ गर्न स्थानीयतहको समन्वय र सहकार्यमा सडक किनारमा बिरुवा रोपी हरियाली प्रवर्द्धधन गर्नुका साथै ग्रामीण तथा सहरी वन विकासमा जोड दिइने उल्लेख छ । प्रदेशलाई हरित प्रदेश बनाउन विभिन्न वनजन्य र फलफूल प्रजातिको बहुवर्षीय बिरुवा उत्पादन गर्न प्रत्येक जिल्लामा स्थापित हाइटेक नर्सरी व्यवस्थित गरिने कार्यक्रम प्रस्तुत गरिएको छ । निजी क्षेत्रलाई निजी नर्सरी स्थापना गरी बिरुवा उत्पादन गरेर वृक्षारोपणका लागि प्रोत्साहित गरिने भनिएको छ । एक व्यक्ति एक बिरुवा, औद्योगिक कोरिडोर, हरियाली कार्यक्रम, स्वस्थ जीवनका लागि वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने उल्लेख छ ।

सागरनाथ वन परियोजनाभित्रको वनको संरक्षण, सम्वर्द्धन र दीगो व्यवस्थापनका लागि अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन गरिने भनिएको छ । प्रदेशअन्तर्गत जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय हिसाबले हटस्पट घोषणा गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम ल्याइने भनिएको छ ।

निजी, सार्वजनिक तथा नदी उकासका जग्गा र विद्युत प्रसारण लाइनभित्र पर्ने वन क्षेत्रमा समेत पर्यटनका लागि इको पार्क तथा जडिबुटी खेतीलाई प्रवर्द्धधन गरिने नीति सरकारले अघि सारेको छ । काठजन्य पदार्थको माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न र वन पैदावारमा आधारित उद्यम विकासका लागि प्रदेशमा निजी वनको विकास, संरक्षण तथा व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्ने गरी जैविक मार्गको पहिचान, व्यवस्थापन र क्षति न्युनिकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । पर्सा-कोशी जोड्ने जैविक मार्गको जोखिमयुक्त क्षेत्रको नक्सांकन र व्यवस्थापनको लागि स्थानीय तह र समुदायसँगको सहकार्यमा कार्यक्रम ल्याइने उल्लेख छ । अतिक्रमित क्षेत्र र वन्यजन्तु हटस्पटको तथ्यांक संकलन र इन्भेन्ट्री तयार गरी डिजिटल डाटाबेस तयार पारी नियन्त्रण र व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिनेछ ।

संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा चुरेको संरक्षण र सम्वर्द्धधनका लागि मौजुदा भू तथा जलाधार व्यवस्थापन कार्यालयको संगठन र कार्यक्रमलाई पुनःसंरचना गरी प्रदेश सरकारको 'चुरे जोगाऔँ मधेश बचाऔँ' अभियानलाई मूर्तरुप दिइने उल्लेख छ । सँगै, प्रदेश भित्रका जिल्लाका सदरमुकामलाई 'हरित शहर, स्वच्छ शहर' का रुपमा विकसित गर्न सघन कार्यक्रम सञ्चालन गरिने सरकारको कार्यक्रम छ ।

### मन्त्रालय भन्छः हामीसँग अधिकार नै छैन

मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयकी कर्मचारी निलम यादवका अनुसार भूमिहीनलाई जग्गा प्रदान गर्नेसम्बन्धी मन्त्रालयलाई कुनै अधिकार नै छैन । मन्त्रालयमा कुनै पत्र आए सम्बन्धित ठाउँमा नै पठाउने गरिएको र वर्तमान अवस्थामा भूमिहीनलाई जग्गा प्रदानका लागि व्यवस्था नै नरहेको उनले बताइन । भनिन्, 'भूमिहीनलाई जग्गा प्रदानका लागि भूमि आयोगलाई अधिकार प्रदान गरिएको र यसको सम्पूर्ण रेखदेख पनि भूमि आयोगले नै गर्ने भएकाले यससम्बन्धि आयोगबाटै काम हुने गरेका छ ।'

### यस्तो भन्छ भूमि आयोग

राष्ट्रिय भूमि आयोग धनुषाका प्रवक्ता रामगोविन्द यादवका अनुसार धनुषाका १८ वटै स्थानीय तहलाई सेवा केन्द्र तथा सहजिकरण समिति गठन गरी सेवा केन्द्रको साइनबोर्ड सेवाग्राहीले देखिने गरी झुन्ड्याउन पत्राचार गरे पनि अहिले सम्म पालना भएको छैन । प्रत्येक स्थानीय तहमा भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा नाँपजाँच, डाटा इन्ट्रि, लगत प्रविष्टि, लालपुर्जासम्बन्धि विवरण पठाउन सबै पालिकालाई पत्राचार गरे पनि तिनीहरुले अहिलेसम्म नपठाउँदा भूमिहीन सुकुम्वासीको समस्या समाधान गर्न सकिएको छैन । चुरे तथा वनजंगल संरक्षण अभियानको धर्ना जारी रहेको छ । प्राप्त जानकारीअनुसार अभियानका राष्ट्रिय संयोजक यादवको अगुवाइमा अनिश्चितकालीन धर्ना कार्यक्रमलाई स्थगित गरी आमरण अनशन सुरुवात हुँदैछ ।

# 'रंगमञ्चमा सबैको भूमिका आवश्यक'

काठमाडौँ, १४ चैत ।
नेपाली रंगमञ्चको आफ्नै महत्व र आवश्यकता छ । रंगकर्मीको रूपमा उदाएका कलाकार अहिले चलचित्रमा सर्वाधिक खोजिने अनुहारसमेत बनेका छन् । यद्दपि रंगमञ्च भने अहिले पनि अभिनय सिक्ने मञ्चको रूपमा मात्र चिनिन्छ ।



चलचित्रमा सशक्त अभिनय गर्नुपर्ने भूमिका हुँदा प्रायः नाटकमा अभिनय गर्ने नाट्यकर्मी खोजिन्छ । तर, रंगमञ्चले चाहे जस्तो प्रगती गर्न नसकेको बेलाबखतमा सुन्ने गरिन्छ । समूहवाद हाबी हुँदा नेपालको रंगमञ्च पछाडि परेको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्माले बताइन् । ६२ औँ 'विश्व रंगमञ्च दिवस'को अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको परिसरमा आयोजित कार्यक्रममा कुलपति शर्माले भनिन्, 'कार्यक्रममा निम्ता गरिएका सबै रंगकर्मीको उपस्थिति हुँदैन । यो कार्यक्रममा पनि छैनन् । यसको कारण हामी समूहमा बाँडिएका छौँ भन्ने लाग्छ ।' सबैलाई एकै ठाउँमा भेटघाट गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।
माला आर्टस् एकेडेमीको सहकार्यमा भएको कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, उपकुलपति शम्भु राई, प्राध्यापक तथा लेखक अभि सुवेदी, वरिष्ठ नाट्यकर्मी सुनिल पोखरेललगायतको उपस्थिति थियो । कार्यक्रममा मन्त्री किरातीले रंगमञ्चले मनोरञ्जन दिने मात्र नभइ समाज र जीवन परिवर्तन गर्ने बताए । 'कला जीवनको महत्वपूर्ण पक्ष हो । यसले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले यसले समाज बदल्न भूमिका खेल्ने गरेको छ,' मन्त्री किरातीले भने । रंगमञ्च दिवसको अवसर पारेर रंगकर्मीले विभिन्न कार्यक्रम गरेका थिए ।

# कुहियो आठ सय टन जडीबुटी

नेपालगञ्ज, १४ चैत ।
व्यवसायीले खरिद गरेको करिब आठ सय टन जडीबुटी समयमा भारत निकासी नहुँदा कुहिने अवस्थामा पुगेको छ ।
विभिन्न १६ प्रकारका जडीबुटी भारतीय प्लान्ट क्वारेन्टिनले सूचीकृत नगरेका कारण नेपालगञ्ज, भैरहवा र कृष्णनगर नाकामा थन्किएको छ हो । जडीबुटी व्यवसायी संघका अध्यक्ष टङ्क शर्माका अनुसार यी नाकामध्ये सबैभन्दा बढी नेपालगञ्जबाट जडीबुटी भारत निकासी हुने गरेको छ । 'यसले जडीबुटी व्यवसायी, व्यापारी र किसानलाई ठूलो मार पर्ने देखिन्छ,' उनले भने । दुई वर्षदेखि निर्यातका लागि प्रशोधन गरेको जडीबुटी लामो समय बोरामा थन्किँदा कुहिने अवस्थामा पुगेको भन्दै व्यवसायीले निकासीको वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरेका छन् । अध्यक्ष शर्माका अनुसार जटामसी मार्क, अमला, सिकाकाई, तिगेडी, कुट्की, दालचिनी, पाखनवेद, चुत्रो बोक्रा, चुत्रो



काठ, पदमचाल, तेजपात, सुगन्ध कोकिला, अश्वगन्धा पाउडर, अमलवेदलगायत जडीबुटी विभिन्न नाकामा थन्किएको छ । जडीबुटी निकासीबाट राजस्वमा योगदान पुग्ने उनले विश्वास व्यक्त गरे । जडीबुटी व्यवसायी संघका महासचिव भानुभक्त रिजालले नेपाली जडीबुटीको ८० प्रतिशत बजार भारत भएकाले निकासीमा हुने अवरोध हटाउने विषयलाई प्रधानमन्त्री पुष्पकमल दाहाल' प्रचण्ड'को भारत भ्रमणका क्रममा 'एजेन्डा' बनाउन आग्रह गरे । व्यवसायी मोहम्मद याकुब अन्सारीले निकासी रोकिएपछि गोदाममा थन्किएको अधिकांश जडीबुटी कुहिन थालेको बताए । भारतको अवरोधले नेपालगञ्जबाट निकासी हुने जडीबुटी निर्यात बर्सेनि घट्दै गएको छ । संघका अनुसार आर्थिक वर्ष २०७७/७८ मा नेपालगञ्ज हुँदै ४२ थरीका ४५ लाख १८ हजार सात सय ७७ किलो जडीबुटी निकासी भएको थियो । आव २०७८/७९ मा घटेर ४२ लाख २० हजार दुई सय २८ किलो जडीबुटी भारत निर्यात भएको छ ।बाँकेमा जडीबुटीसम्बन्धी १२ उद्योग छन् । नेपालका विभिन्न जिल्लामा सङ्कलन गरिएका ३० प्रकारका जडीबुटी नेपालगञ्जलगायत नाकाबाट भारत निकासी हुँदै आएको छ ।

# किसानलाई अनुदानमा 'डिप बोरिङ'

झापा, १४ चैत । अन्न तथा तरकारी बाली उत्पादनका लागि प्रसिद्ध दक्षिण झापाको हजारौँ बिघा जग्गामा सिँचाइ सुविधा पुऱ्याउन भूमिगत सिँचाइ परियोजना सञ्चालन गरिएको छ । परियोजनाका लागि नेपाल सरकारले १२ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।
नदी सिँचाइ प्रणालीले नछोएका र आकाशे पानीको भरमा खेती गरिरहेका कचनकबल गाउँपालिकाको सातवटै वडा र भद्रपुर नगरपालिकाको १, २ र ३ मा यसै वर्षदेखि परियोजना लागू भएको हो । झापा भूमिगत सिँचाइ परियोजनाका इन्जिनियर भूविक्रम नेम्बाङका अनुसार कचनकबल र भद्रपुरका १० वटा वडामा शतप्रतिशत अनुदानमा एक सय ७१ वटा 'डिप बोरिङ' स्थापना गरेर आठ हजार पाँच सय बिघा जग्गामा बाह्रैमास सिँचाइ सुविधा पुऱ्याइने कार्यक्रम छ । परियोजना सञ्चालनका लागि नेपाल सरकारले यसै वर्ष शिवसताक्षी नगरपालिका-१० माईधारमा आयोजनाको कार्यालय र भद्रपुरमा फिल्ड कार्यालय स्थापना गरेर परियोजनाको कार्य धमाधम भइरहेको उनले बताए ।
'यो शत्प्रतिशत अनुदानमा आधारित कार्यक्रम हो, यसमा किसानले केही पनि लगानी गर्नु पर्दैन,' परियोजनाका बारेमा जानकारी दिँदै इन्जिनियर नेम्बाङले भने, 'नदीको सिँचाइ नपुगेका उर्वर जग्गामा सिँचाइको सुविधा पुऱ्याएर कृषिको उत्पादकत्व बढाउन योगदान पुऱ्याउन सरकारले किसानका लागि यो कार्यक्रम



ल्याएको हो ।' आयोजनाबाट सिँचाइ सुविधा लिन ५० देखि ६० बिघा जग्गाका किसानले आपसमा मिलेर उपभोक्ता समिति गठन गर्नुपर्ने र त्यसलाई कार्यालयमा दर्ता गराउनुपर्ने हुन्छ । सम्बन्धित वडा कार्यालयबाट ल्याएको सिफारिसका आधारमा उपभोक्ता समितिले माग गरेबमोजिम आयोजनाले सिँचाइ कार्यक्रम सञ्चालन गर्ने प्रावधान छ ।चालु आर्थिक वर्षमा कचनकबलको वडा नं १ र ३ तथा भद्रपुरको वडा नं ३ का उपभोक्ता समितिको मागबमोजिम ३५ स्थानमा 'डिप बोरिङ' खन्ने कार्य अघि बढाइएको र अर्को वर्ष थप स्थानमा पनि सिँचाइ सुविधा पुऱ्याइने उनले जानकारी दिए ।
'केही स्थानमा 'डीप बोरिङ'को काम सकेका छौँ, परीक्षणका लागि पानी फ्याँक्ने कार्य भइरहेको छ,' इन्जिनियर नेम्बाङले भने, 'एउटा बोरिङको पानीले ६० बिघासम्म सिँचाइ हुन्छ । एक सय ३० मिटर गहिराइबाट पानी निकालेका छौँ ।'
प्रति सेकेन्ड २० लिटरका दरले 'डीप बोरिङ'बाट पानी आइरहेको उनले बताए । आयोजनाले किसानलाई सामूहिक रुपमा सुविधा उपलब्ध गराउने भएकाले परियोजनामा किसानको सहकार्य बलियो हुने देखिएको छ । सरकारका तर्फबाट 'डिप बोरिङ' खन्ने कार्य सकेपछि हाइटेन्सन लाइनबाट बिजुलीको सुविधा पुऱ्याउने र खेतखेतमा पानी वितरणका लागि पाइप बिछ्याउने कार्य गरिने छ । विद्युतीकरण, पाइप विस्तार र २५ देखि ५० केभिएसम्मको ट्रान्सफर्मर जडानको सम्पूर्ण लागत आयोजनाले नै ब्यहोर्ने इन्जिनियर नेम्बाङले बताए । खेतमा पानी पटाउन सहज होस् भनेर हरेक चार बिघा जग्गामा एउटाका दरले पानीको पोइन्ट राखिने परियोजनाले जनाएको छ ।

### किसान उत्साही

आकाशे वर्षाको भरमा सिँचाइमा निर्भर स्थानीय किसान अब विद्युत्बाट चल्ने भूमिगत सिँचाइ आयोजना गाउँमा आएपछि उत्साही भएका छन् । कचनकबल गाउँपालिका-१ सोमबारेकी भागिरथा अधिकारीले आफ्नो वडामा नै आठवटा जल उपभोक्ता समिति गठन भइसकेको बताए । कचनकबलमा धान, मकै र तोरी गरी नियमित तीन बाली खेती हुने गरेको छ ।
बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध भएपछि किसानले व्यावसायिक तरकारी खेती गर्ने तयारी गरिरहेको समेत उनले जानकारी दिइन् । 'निर्वाहमुखी खेतीबाट व्यावसायिक खेतीतर्फ जाने सोचाइमा छन् यहाँका किसान,' अधिकारीले भनिन्, 'सरकारले ल्याएको भूमिगत सिँचाइ परियोजनाले जीवनस्तर उकास्ने आशा गरेका छौँ ।' उनी सोही वडाको सोमबारे जल उपभोक्ता समितिको अध्यक्ष हुनन् । अधिकारीको क्षेत्रमा परियोजनाले डिप बोरिङ, ट्याङ्की निर्माण र पाइपलाइन विस्तारको कार्य गरेको छ भने विद्युतीकरणको कार्य अन्तिम चरणमा पुगेको छ ।

### जिल्लाभर परियोजना विस्तार

नेपाल सरकारले कचनकबल र भद्रपुरमा मात्र भूमिगत सिँचाइ परियोजना लागू गर्ने योजनाका साथ कार्यारम्भ गरेको भए पनि स्थानीयवासीको माग बढेपछि जिल्लाभर विस्तार गरिने भएको छ । झापा निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देन दुई महिनाअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री रहेको बेला मन्त्रिपरिषद्को बैठकले परियोजनालाई झापा जिल्लाभर विस्तार गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार आयोजनाले हाल कचनकबल र भद्रपुरसहित अन्य पालिकाहरुबाट समेत उपभोक्ता समितिहरुको माग सङ्कलन गरिरहेको र विभिन्न पालिकाबाट मागबमोजिम १२ वटा स्थानमा 'डिप बोरिङ' थपिने इन्जिनियर नेम्बाङले बताए ।

# मह आयात रोक्न माग

भरतपुर, १४ चैत ।
स्वदेशमा उत्पादन भएको महको बजारीकरण व्यवस्था गर्न माग गरिएको छ । चितवनको भरतपुरमा'१७औँराष्ट्रियमहदिवस' अवसरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सरोकारवालाहरूले यस्तो माग गरेका हुन् ।
कार्यक्रममा मौरी विकास कार्यक्रम भण्डाराका वरिष्ठ बाली संरक्षण अधिकृत गोविन्दप्रसाद पोखरेलले गत माघदेखि महको बिक्री हुन नसकेको बताए । उनले बिक्री नभएर नेपालमा अझै एक हजार पाँच सय मेट्रिक टन मह मौज्दात रहेको बताए ।
सोही अनुपातमा भारतबाट गुणस्तरहीन मह आयात भएको उहाँले जानकारी दिए । भारतबाट गुणस्तरहीन मह सस्तोमा आयात हुँदा नेपाली मह बिक्रीमा समस्या आएको उनको भनाइ छ ।
नेपालमा वार्षिक महको खपत आठ हजार मेट्रिक टन हुँदै आएको छ । नेपालबाट आठ मेट्रिक टन मह निर्यातसमेत भएको छ ।
नेपालमा वार्षिक ३० करोड ३४ लाख रुपैयाँ बराबरको मह आयात हुँदा १६ करोड ८१ लाख रुपैयाँको मह निर्यात भएको सरकारी तथ्याङ्कमा उल्लेख छ ।




नेपाल मौरीपालन महासंघका निवर्तमान अध्यक्ष शिवप्रसाद पौडेलले स्वदेशी महले बजार नपाउँदा किसान समस्यामा परेको बताए । उनले सरकारले नीतिगत पहल नगर्दा नेपाली किसानको मह उत्पादन हुन नसकेको गुनासो गरे ।
उनका अनुसार पछिल्लो चार महिनामा दुई सय मेट्रिक टन मह आयात भएको छ । मौरीविज्ञ डा शिवप्रसाद रिजालले मौरी र महको विषयमा जनचेतना जगाउन आवश्यक रहेको बताउका छन् । मौरी र पर्यावरण विषयमा कार्यपत्र पेस गरेका रिजालले मौरीले पारिस्थितिक प्रणालीलाई कायम गर्न महत्वपूर्ण भूमिका खेलेको बताए ।
प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले महको बजारीकरणका विषयमा स्थानीय तहलाई अधिकार दिएकाले जनप्रतिनिधि सक्रिय भएर लाग्नुपर्ने धारणा राखे । मह दिवसका अवसरमा नेपाल मौरीपालक महासंघ चितवनले जिल्ला प्रहरी कार्यालय अगाडि सर्वसाधारणलाई महसमेत खुवाएको थियो । जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले किसानको समस्यालाई समाधान गर्नका लागि पहल गर्ने बताएका छन् ।
उनले स्थानीय तहका प्रमुखलाई राखेर समस्याका समाधान खोजिने बताए ।
मौरी विकास कार्यक्रम भण्डारा, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ चितवन, कृषि ज्ञान केन्द्र र नेपाल मौरीपालन महासंघ चितवनले अन्तर्क्रिया र सर्वसाधरणलाई मह खुवाएर मह दिवस मनाएका हुन् ।

# हात्तीमैत्री 'सामूहिक खेती'

झापा, १४ चैत । जङ्गली हात्तीको क्षतिबाट आजित झापाको बाहुनडाँगीका किसानले हात्तीमैत्री अवधारणाअन्तर्गत सामूहिक खेती सुरुआत गरेका छन् । बालीमा गाईभैँसी र बाख्रालाई जस्तो हात्तीको प्रवेशलाई निषेध गर्न नसकेपछि हात्तीमैत्री अवधारणा प्रयोगमा ल्याइएको स्थानीयवासी बताउँछन् ।
मेचीनगर नगरपालिका वडा नं ४ को प्रधानगाउँका ५० वर्ष उमेर नाघेका २६ किसानले हात्तीमैत्री किसान समूह गठन गरी अढाई बिघा जग्गा भाडामा लिएका छन् । सो जग्गामा किसानले तरकारी खेती लगाएका छन् । भर्खरै उनीहरूले आलु फलाएका छन् भने भिण्डी, टमाटर, घिरौला, बोडी, फर्सी, लौका, सिमरायोको सागलगायतका सब्जीको बिरुवा हुर्काइरहेका छन् । किसान समूहका अध्यक्ष देवीप्रसाद आचार्यका अनुसार खेतीका लागि हरेक सदस्यबाट रु पाँच हजारका दरले बीउ पूँजी सङ्कलन गरिएको छ भने समूहलाई वडा कार्यालयले एक लाख ५० हजार रुपैयाँ अनुदान दिएको छ ।
'हात्तीसँग दुश्मनी गरेर होइन, सहअस्तित्वलाई स्वीकार गरेर अब हामी मानव-हात्तीबीच मैत्रीपूर्ण वातावरण बनाउने प्रयासमा लागेका छौँ,' मेचीनगर वडा नं ४ का अध्यक्ष अर्जुनकुमार कार्कीले भने, 'हात्ती र मान्छेबीच खुनी संघर्ष भएको धेरै वर्ष भइसक्यो । धेरै मानिस र हात्तीले ज्यान गुमाएका छन् । अब दुवैले बाँच्ने वातावरण बनाउन जरुरी छ ।' 'किसानको हात, वडाको साथ' कार्यक्रमअन्तर्गत वडा कार्यालयले हात्तीमैत्री किसान समूह गठनलाई सामूहिक सब्जी खेतीमा प्रोत्साहित गरेको हो । वडाका विभिन्न टोलमा सामूहिक खेतीलाई विस्तार गर्ने र पालिकाबाट समेत अनुदान दिलाउने अभियानमा जुटिरहेको वडाध्यक्ष कार्की बताउँछन । सब्जी खेती गर्न भाडामा लिइएको जग्गा वार्षिक ३५ हजार रुपैयाँ भाडा तिर्ने गरी १० वर्षका लागि लिइएको हात्तीमैत्री किसान समूहका अध्यक्ष आचार्यले बताए । किसानले जग्गा वरिपरि अहिले तरुल रोपेका छन् । बजारमा बिक्ने र हात्तीले भरसक नोक्सानी नगर्ने खालका तरकारी बालीको उत्पादनमा किसानले जोड दिएका छन् । हात्तीले नष्ट नगर्ने कोदो, तोरी, रहरी दाल, अदुवा, बेसार, पिडालुजस्ता तरकारीको खेतीमा किसान लागेका छन् । सामूहिक खेतीको बालीमा पसेर हात्तीले नष्ट गरिदिएमा सबै सब्जीको क्षतिपूर्ति दिलाउन पालिकाले सहयोग गर्ने वडाध्यक्ष कार्कीले बताए ।
'हात्तीको क्षति रोक्न सकिँदैन भन्नेमा हामी लगभग सहमत भइसक्यौँ,' समूहका सदस्य एवम् किसान धनपति गौतमले भने, 'हात्तीले खाएर नष्ट गऱ्यो भने बीमाबाट क्षतिपूर्ति भराउँछौँ । तरकारी बालीको बीमा गर्छौं । जतिपटक हात्तीले खाएर बिगार गरे पनि हामी नोक्सानीमा पर्दैनौँ ।' नगरपालिका बैठकले हात्तीबाट किसानको बालीनाली क्षति भएमा क्षतिपूर्ति दिलाउन बाली बीमा गरिदिने निर्णय गरेको वडाध्यक्ष कार्कीले जानकारी दिए । मेचीनगरमा यस्तो बाली बीमा कार्यक्रम आगामी आर्थिक वर्षदेखि मात्र लागू हुने बताइएको छ ।
कृषि प्राविधिक करण अधिकारीले मानव-द्वन्द्वबाट झापामा सबैभन्दा बढी प्रभावित मानिएको बाहुनडाँगीमा स्थानीय किसानले सुरु गरेको सामूहिक खेती जिल्लाका अरु पालिकाका लागि अनुकरणीय बन्ने बताए । किसानले उत्पादन गरेका सब्जीको बजारीकरणमा समस्या भए स्थानीय सरकारले यसको जिम्मा लिनेसमेत वडाध्यक्ष कार्कीले आश्वासन दिएका छन् ।

# झपक्कै फुल्यो आँप

तुलसीपुर, १४ चैत ।
यस वर्ष दाङमा विगतभन्दा अत्यधिक मात्रामा आँप फुलेको छ । फूलले आँपको रुख नै ढाकेको छ । यसले किसानमा खुसी ल्याएको छ । 'अहिलेसम्म हामीले यसरी आँप फुलेको देखेका थिएनौँ,' तुलसीपुर-७ प्रसेनीका किसान नवराज सुवेदीले भने, 'यसले हामीलाई खुसी बनाएको छ । हेर्दा पनि मनमोहक देखिन्छ ।'
आँप धेरै फुले पनि यसलाई जोगाउन भने चुनौती रहेको किसान तुलसीपुर-९ निवासी दिवेश केसीले बताए । 'हावाहुरी, असिना पानीले फूल झार्दिने हो कि भन्ने चिन्ता छ,' उनले भने, 'आँप धेरै फले पनि त्यसको बजारीकरण नहुँदा कुहिएर जाने हो कि भन्ने पनि चिन्ता छ ।' यस वर्ष आँपमा 'अनएयर' भएकाले पनि आँपमा धेरै फूल फुलेको तुलसीपुर उपमहानगरपालिका कृषि महाशाखा प्रमुख धनराज गौतमले बताए । 'फूल फुल्ने बिरुवामा एक वर्ष अनएयर र एक वर्ष अफएयर हुन्छ,' उनले भने, 'यस वर्ष आँपको अनएयर चलिरहेको छ, त्यसैले आँप धेरै फुलेको हो ।'
असिना, पानी, हावाहुरीले असर नगरेमा यस वर्ष आँप उत्पादन अत्यधिक वृद्धि हुने उनको भनाइ छ । आँप उत्पादन भए पनि त्यसलाई बजारीकरणका लागि



अचार बनाउनेदेखि पाक्दासम्म ध्यान दिनुपर्ने बताए ।
आँप बाहिरी जिल्लाबाट आयात गर्नुपर्ने अवस्था रहेको जनाउँदै यसलाई अन्त्य गर्न आँप संरक्षण तथा व्यवसायीकरणमा ध्यान दिनुपर्ने उनको भनाइ छ । दाङको पवननगर, मानपुर र बिजौरी क्षेत्र आँप उत्पादनका लागि उत्तम क्षेत्र मानिन्छ । अहिले दाङमा स्थानीय बिजु, सुपारी जातका आँप उत्पादन हुने गर्छ ।
त्यस्तै दसरी, माल्डा, अम्रपाली, नागपुरे, बम्बे जातका आँप उत्पादन हुने गरेको छ । जिल्लामा बर्सेनि आठ हजार मेट्रिक टनको हाराहारीमा आँप उत्पादन हुने गर्छ ।

# तरकारी व्यापारीको बिचल्ली

सरोज खड्का,
वीरगंज, १४ चैत।



वीरगंज महानगरपालिकाले बजार हराभरा, सफासुग्घर बनाउने उद्देश्यले मिनाबजार रोडको फुटपाथमा सञ्चालनमा रहेको तरकारी बजार हटाएर गीता मन्दिर रोडको खालि जमीनमा सार्दा उपभोक्ता नगएपछि व्यापारीको बिचल्ली भएको छ।

महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजको मुख्य बजार क्षेत्र सफा, हराभरा, स्वस्थ र सुन्दर राख्ने उद्देश्यले मिना बजार खाली गरेर रामजानकी मठका नाममा रहेको एक बिघा एक गठ्ठा खाली जमीनमा अस्थायी तरकारी बजार व्यवस्था गरेका थिए। मिना बजारका खुद्रा तरकारी व्यापारी खुशी भएर सरे पनि। तर नयाँ ठाउँमा व्यापार हुन नसकेपछि व्यापारीको तरकारी सुकेर र सडेर सकिएको छ।

नयाँ तरकारी बजार उपभोक्तालाई पायक नपरेकाले व्यापार नभएको व्यवसायी बताउँछन्। व्यापार ठप्पै भएपछि उनीहरु विकल्प खोज्नु पर्ने अवस्थामा पुगेका छन्।

१५ वर्षदेखि मिना बजारम तरकारी बिक्री गर्दै आएका जबाहिर भन्छन्, 'व्यापार बन्द भयो, नयाँ ठाउँमा व्यापार हुनै छाड्यो।' यस्तै पीडा छ शम्भु महतो कंकरको पनि।

'२० वर्षदेखि बुबाले यही ठाउँमा तरकारी व्यापार गर्नु भयो, नया ठाउँमा त ऋण गरेर तरकारी राख्नु त्र भयो, बिक्री हुनै छाड्यो।' वीरगंजको मध्य भागमा रहेको मिना बजार तरकारी, फलफूल, माछामासु आपूर्ति हुने मुख्य बजार थियो। यहाँ अहिले केही कम्प्लेक्स निर्माण गरी तरकारी, माछामासुको पसल चलेका छन्। फुटपाथको बजार हटाइँदा भने व्यापारीले महानगरले दुःख दिएको बुझेका छन्।

उसो मिना बजारको तरकारी बजार हटेपछि स्थानीय किराना व्यवसायीको पनि व्यापारमा मन्दी आएको छ। माइस्थानका किराना व्यवसायी गणेश मानन्धर भन्छन्, 'तरकारी बजार हटेसँगै अरु व्यापार पनि आधा भन्दा बढी घटेको छ।'मिना बजारका ३२ तरकारी व्यवसायी नयाँ ठाउँमा उपभोक्ता नआउादा घाटाको व्यापार गरिरहेका छन् र विस्थापित हुनु पर्ने पीडामा छन्। स्थानीय सुनिल श्रेष्ठ भन्छन्, 'परापूर्वकालदेखि नै मिनाबजारमा तरकारी किनमेल भइरहेको थियो, बजार हटाइएपछि उनीहरुको रोजिरोटीम समस्या आए जस्तै हाम्रो पनि तरकारी कन्न अन्यत्र पुग्नु पर्ने बाध्यता छ।'

# ४५ लाखमा रंगरोगन

मधेशदृष्टि
वीरगंज, १४ चैत।



वीरगंजको मध्यभागमा रहेको वीरेन्द्र प्रभात घडीको रंगरोगन भइरहेको छ।

वीरगंज महानगरपालिकाले ४५ लाख रुपैयाँमा रंगरोगनको ठेक्का दिएको छ। घण्टाघर झिलिमिली हुने गरी काम अघि बढेको छ।

वीरगंजका मेयर राजेशमान सिंहले घण्टाघर जिर्णोद्धारमा घडी मर्मत गर्न लगाए, रंगरोगको काम पनि भइहरेको छ।

मेयर सिंह भन्छन्, 'महानगर सफा, हराभरा, स्वस्थ सुन्दर बनाउने अभियान अन्तर्गत काम भइरहेको छ।'

# आगलागीमा सात लाख क्षति

सप्तरी, १४ चैत।

खडक नगरपालिका वडा नम्बर ३ स्थित बनरझुलामा आगलागी हुँदा सात लाख रुपैयाँ बराबरको क्षति भएको छ।

विद्युतको तार सर्ट भई सोमबार राति भएको आगलागीबाट स्थानीय अरुण चौधरीको टिन र काठले बनेको गाईगोठ र ७ वटा खसी बाख्रासहित अन्य सामान जलेर नष्ट भएको हो।

प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियनत्रणमा लिइएको र कुनै मानवीय क्षति नभएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।



## छात्रालाई वितरण गर्न ...............................................................

र इन्जिनियर भगवान झाविरुद्ध पनि मुद्दा दायर गरेको थियो। मुद्दा परेपछि करिब पाँच हजार साइकल वितरण अन्योलमा पर्नुका साथै भुक्तानी प्रकृया रोकिएको थियो।

साइकल आपूर्तिकर्ता स्यान्यो इन्टरनेसनलका सेयरधनी कुन्दनकुमार सिंहले मुख्यमन्त्री कार्यालयले २०७८ असार मा २ करोड ९३ लाख रुपैयाँ भुक्तानी दिएको र ५ करोड ६८ लाख रुपैयाँ बाँकी रहेको बताए। सम्झौताअनुसार भुक्तानीका लागि कात्तिकमा उच्च अदालत जनकपुरमा मुद्दा दायर गरेकामा मंसिर १२ गते कम्पनीको पक्षमा आदेश आएको तर भुक्तानी नपाएको उनको भनाइ छ।

दुई वर्षदेखि भुक्तानी नहुँदा कम्पनीको बैंक खाता कालोसूचीमा राखेको र सम्पत्ति लिलामीमा राखेको शेयरधनी सिंह बताउँछन्। 'दुई वर्ष भयो, मधेश प्रदेश सरकारले आलटाल गर्दै भुक्तानी नदिँदा हामी शेयरधनी घर न घाटका भएका छौं,' सिंहले भने, 'सरकारले अदालतको समेत अवहेलना गदै हामीलाई पीडित बनाएको छ।'

साइकल खरिदमै बदनाम भएपछि मधेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई २०७८ मा सामाजिक विकास मन्त्रालयमा समायोजन गरेको थियो। मुख्यमन्त्री कार्यालय साइकल खरिदसम्बन्धी कागजात, जानकारी र आदेश सामाजिक विकास मन्त्रालयमा रहेको भन्दै पन्छिने गरेको छ।

मुख्यमन्त्री कार्यालयका सचिव नूरहरि खतिवडाले भने, 'साइकल खरिद र वितरणसम्बन्धी सबै जानकारी उतैबाट लिनुहोला, यहाँ त केही पनि छैन।' उता सामाजिक विकास मन्त्रालयको तर्क अर्कै छ। मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई भन्छन्, 'न हामीले टेन्डर गरेका हौं, न त हाम्रोमा बिलहरु पेश भएका छन्। त्यससम्बन्धी सबै काम मुख्यमन्त्री कार्यालयले गरेको हुनाले उतै गएर बुझ्नु नै राम्रो होला।'

यता, सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालयका निदेशक चुडामणि फुयाल भन्छन्, 'मलाई लैजान त भनिरहेका छन् तर साइकल खरिद गर्ने एउटा, बुझ्ने एउटा अनि त्यससम्बन्धी फाइल राख्ने अर्को, यो सम्भव नभएकाले हामीले अहिलेसम्म फाइल बुझेका छैनौं।' उनका अनुसार साइकल खरिद तथा वितरणसँग सम्बन्धित सबै कागजात मुख्यमन्त्री कार्यालयमै छन्। तर अख्तियारमा मुद्दा परेकाले त्यसलाई कसैले छुन मानिरहेका छैनन्। सामाजिक विकास मन्त्रालय पनि नदुखेको केश डोरीले बाँधिबाँधी दुखाउन चाहिरहेको छैन।

# साना तथा खुद्रा व्यापारीलाई अपायक

मधेशदृष्टि
वीरगंज, १४ चैत।

वीरगंज भन्सारबाट हुँदै आएको मालसामान जाँचपास सिर्सियास्थित एकीकृत सुरक्षा जाँच चौकी (आइसिपी) बाट हुनथाले पछि वीरगंजका साना तथा खुद्रा व्यापारीले सास्ती पाएका छन्।

भारतको भन्सारका सम्पूर्ण काम आइसिपीबाट हुने भएकाले नेपालतर्फ पनि मालसामानको जाँचपास आइसिपीबाट गराउनु पर्ने बाध्यतापछि वीरगंजका साना तथा खुद्रा व्यापारीले सास्ती भोगेका हुन्। रक्सौलबाट वीरगंज दुई किलोमिटर थियो भने आइसिपी सात किलोमिटर दूरीमा छ। साना व्यापारीले ढुवानी भाडा नै बढी पर्ने गरेको बताए। केही व्यापारीले आइसिपी भएर सामान ल्याउ कठिन हुने गरेकाले भन्सार छलेर चोरबाटो हुँदै मगाउने गरेको पाइएको छ।

वीरगंज उद्योग वाणिज्य संघले पनि खुद्रा सामान वीरगंजको मूलगेटबाट जाँचपास गराउने व्यवस्था गराउन माग गर्दै आएको छ। तर भन्सार विभागले भार तसँग सहमतिपछि मात्रै काम हुने बताउँदै आएको संघका पूर्वअध्यक्ष सुबोध गुप्ताले बताए। वीरगंज भन्सारको मूलगेटबाट मालसामान जाँचपास हुन छाडेपछि व्यापारसमेत घटेको वीरगंजका व्यापारी व्यवसायी बताउँछन्।'यसको सबैभन्दा बढी मार तरकारी व्यवसायीले भोगेका छन्,' वीरगंज तरकारी व्यापार संघका अध्यक्ष जग्गु साह भन्छन्, 'ठूलो परिमाणमा काँचो र हरियो तरकारी भारतबाट आयात गर्दा आइसिपीमा हुने झन्झटले नोक्सानी सहनु परेको छ।'

# 'भित्ता पुऱ्याउँछु भन्नेहरु कहाँ छन् ?'



मधेशदृष्टि
रौतहट, १४ चैत।

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले एमालेलाई भित्तामा पुऱ्याउँछौं भन्नेहरु नै भित्तामा पुगेको बताएका छन्।

मंगलबार रौतहटको गौरमा आयोजित 'मिसन ग्रास रुट' अन्तर्गत जिल्लास्तरीय अगुवा कार्यकर्ता प्रशिक्षणमा वरिष्ठ उपाध्यक्ष पोखरेलले यस्तो बताएका हुन्। नेकपा माओवादी केन्द्र र नेकपा एसका नेताहरुलाई इंगित गर्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले एमालेलाई भित्तामा पुऱ्याउँछु भन्नेहरुलाई निर्वाचनमार्फत जनताले नै भित्तामा पुऱ्याइदिएको बताए।

नेकपा एसका अध्यक्ष माधवकुमार नेपालको गृहजिल्लामा पुगेका पोखरेलले नेकपा एस छाडेर फर्केका केही युवा नेताहरु पनि देखेपछि हौसिँदै नेपाललाई कटाक्ष गर्न भ्याए।

वरिष्ठ उपाध्यक्ष पोखरेलले जनताको माया र स्नेहले नै नेकपा एमाले पार्टी समानुपातिक मतमा पहिलो भएको र अब आउने निर्वाचनमा स्पष्ट बहुमत ल्याउने गरी योजनाबद्धसँग जनतामा आएको बताए।

एमाले सचिव रघुवीर महासेठले नेकपा एमाले सालको रुख भएको बताए। जनताको पार्टी भएकै कारण मधेशमा एमाले पहिलो पार्टी बनेको उनको धारणा थियो।

पोलिटब्युरो सदस्यद्वय अच्युत मैनाली, पुरुषोतम पौडेलले मिसन ग्रास रुटबारे बताएका थिए। केहीदिन अघि मात्रै एमालेमा फर्किएका युवा नेता बाबुराम दाहाले नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसहितका नेताहरुलाई पुरानै घर एमालेमा आउन आग्रह गरे।

## नियमावलीमा सरकारको ..............................

हुन्छ। सोबमोजिम बचाउ तथा खारेजी बुँदा राखेर तोक्ने गरिन्छ। यस अर्थले प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७८ खारेज हुनुपर्ने हो। जनकपुरधामका अधिवक्ता राजकुमार महासेठ भन्छन्, 'मूल कानुनमा कयौंपटक संशोधन भए पनि खारेज हुँदाको बखत मूल कानुनको नाम र वर्ष दिनुपर्ने हो। चाहे त्यसमा कयौंपटक संशोधन किन नगरियोस्। जहाँसम्म प्रदेश सरकारले कार्यविभाजन नियमावलीमा उल्लेख गरेको खारेजी प्रावधानमा कानुनी रुपमा त्रुटि नै देखिन्छ।' मख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कर्मचारीहरुमा अनुभवको कमीले यस्तो हुने गएको देखिएको छ। मुख्यमन्त्री कार्यालयका सचिव नूरहरि खतिवडाले २०७९ मा संशोधन गरिएकाले प्रदेश सरकार (कार्यविभाजन) नियमवाली २०७९ राखिएको बताउँछन्। 'मूल कानुन नियमावली २०७८ हो' भन्ने जिज्ञासा राख्दा उनले मुख्यसचिवसँग समन्वय गरेर जवाफ दिइने बताए। मुख्यमन्त्री कार्यालयका प्रवक्ता विपिन्न ठाकुरले सचिव खतिवडाकै भनाइमा सहमति जनाउँदै २०७९ नै ठीक रहेको दाबी गरे। भने, 'तथापि मुख्यसचिवज्यू कहाँ कुरा राख्नेछौं।' यता प्रदेश सरकारका कानुन हेर्ने निकाय मुख्यन्यायाधीवक्ता वीरेन्द्र ठाकुरले आफूले हेर्न पाएका नपाएको के हुन्छ भन्न नसकिने तर्क गरे। यसअघि २०७८ को नियमावलीमा नियमावली २०७४ खारेज भनिएको थियो।

## सरकारमा जान मधेश.............

लागि पार्टीमा सक्रिय छन्। उनी पार्टीका अध्यक्ष महन्थ ठाकुर र प्रधानमन्त्री प्रचण्डसँग नियमित सम्पर्कमा छन्।

लोसपाबाट कार्यकारिणी सदस्य सर्वेन्द्रनाथ शुक्ला पनि मन्त्रीका आकांक्षी हुन्। उनले आफ्नो नेतृत्वमा पार्टी सरकारमा जानुपर्ने कुरा पार्टीमा राखेको अध्यक्ष ठाकुर निकट एक नेताले बताए। दुईटा मन्त्रालय हात लागे लोसपाले नेताद्वय भण्डारी र शुक्लालाई नै पठाउने तयारी छ।

पार्टीका नेता डा.सुरेन्द्र झाका अनुसार लोसपाले एउटा मन्त्रालय पाउने कि दुईटा कुनै टुङ्गो नलाग्दा मन्त्रीमा पठाउने नामबारे निर्णय हुनसकेको छैन। बाँडफाँड भएपछि संसदीय दलको बैठकबाट कसलाई पठाउने निर्णय हुनेछ।

जनमत पार्टीले थप एउटा मन्त्रालय मागेको छ। उसले यसअघि नै खानेपानी मन्त्रालय पाइसकेको छ। कृषि र उद्योगमध्ये कुनै एउटा मन्त्रालय पाउनुपर्ने जनमतको माग छ तर प्रधानमन्त्री प्रचण्डले जनमत पार्टीलाई पनि एकभन्दा बढी मन्त्रालय नदिने अडानमा छन्। जनमत पार्टीका कोषाध्यक्ष सुरेन्द्रनारायण यादवले आफूहरूले दुईटा मन्त्रालय मागेको र थप मन्त्रालयमा अन्य सांसदलाई पठाइने या खानेपानी मन्त्रालय छाडेर अर्को लिइने बताए।

मन्त्रालय परिवर्तन गर्ने पक्षमा जनमत पार्टीका अध्यक्ष सीके राउत पनि छन्। यसअघि पनि खानेपानी मन्त्रालयमा अध्यक्ष राउतले चित्त बुझाएका थिएनन्। जनमतले पछि परिवर्तन गर्ने वा मन्त्रालय थप गर्ने सर्तमा खानेपानी मन्त्रालयको जिम्मेवारी लिएको थियो। खानेपानी मन्त्रालय अब्दुल खानले सम्हालिरहेका छन्। हुन त जनमत पार्टीका अध्यक्ष राउतले आफू सरकारमा नजाने घोषणा यसअघि नै गरिसकेका छन्।

## संख्या नबढाइ मधेश ...................................

वाणिज्य थपेर वन हटाई छुट्टै वन तथा वातावरण मन्त्रालय बनाइएको छ। शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयबाट वाणिज्य हटाएर त्यस ठाउँमा महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालयलाई समाज कल्याण भनेर थपिएको छ।

अब यस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय रहनेछन्।

यसअघि मधेस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत अर्थ मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयसहित ११ वटा मन्त्रालय थिए। योसँगै मन्त्रिपरिषद् बैठकले प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ खारेज गरेको छ।



# चिनियाँ राष्ट्रपति र साउदी युवराजबीच फोनवार्ता

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिङले साउदी युवराज मोहम्मद बिन सलमानसँग भएको टेलिफोन वार्तामा मध्यपूर्वमा तनाव कम भएकामा त्यसको प्रशंसा गरेका छन् ।

चीनको सक्रियतामा हालै इरान र साउदी अरबबीच कूटनीतिक सम्बन्ध पुनः स्थापना गर्ने सम्झौता भएको थियो ।

सात वर्षसम्म जारी रहेको तेहरान र रियादबीचको वैमनस्यातापूर्ण सम्बन्धलाई पुनः स्थापना गर्न चिनियाँ पक्षबाट भएको सफल प्रयासको संयुक्त राष्ट्रसङ्घलगायत अन्तरराष्ट्रिय समुदायले बेइजिङको सराहना गरेका थिए ।



यमन युद्धलाई लिएर इरान र साउदीबीच मनोमालिन्य थियो । लामो समयदेखिका कटु प्रतिद्वन्द्वी इरान र साउदी यमन युद्धलाई लिएर 'प्रोक्सी' द्वन्द्वको शृंखलामा थिए । साउदी राजकुमारसँगको वार्ताका क्रममा चिनियाँ राष्ट्रपतिले रियाद-तेहरान कूटनीतिक सम्बन्ध पुनः स्थापना भएसँगै पारस्परिक सहायता प्रवर्द्धका साथै क्षेत्रीय एकता र सहयोग सुदृढीकरणमा सशक्त भूमिका निर्वाह हुने विश्वास व्यक्त गरे । राजकुमार मोहम्मदले दुई पक्षबीच छिमेकीसँग सुसम्बन्ध विकास गर्ने प्रयासलाई समर्थन गर्ने चिनियाँ पहलको लागि साउदी अरबका तर्फबाट चिनियाँ पक्षको प्रशंसा गरे । साउदी अरब र इरानले अब एक अर्काको राजधानीमा दूतावास पुनः खोल्ने तयारी गरिरहेका छन् । पवित्र महिना रमजानको अन्त्य हुनु अघि दवै देशका शीर्ष कूटनीतिज्ञहरूबीच बैठक हुने साउदी सरकार नियन्त्रित सञ्चारमाध्यमले जनाएका छन् ।

साउदी अरबका साथै इरानले पनि द्विपक्षीय सम्बन्ध पुनः स्थापनामा जनवादी गणतन्त्र चीनको नेतृत्व र सरकारले निर्वाह गरेको भूमिकाप्रति कृतज्ञता व्यक्त गरेको छ । आफ्नो एक दशकको सत्ता यात्रामा राष्ट्रपति सीको सक्रिय भूमिकाका कारण इरान र साउदी एकै स्थानमा जुट्न भएको सम्झौतालाई कूटनीतिक विश्लेषकहरूले विश्व मामिलामा सीको लागि ठूलो सफलता भनेका छन् ।

# गोलीकाण्डमा छ मारिए

अमेरिका । नासभिलको एउटा प्राथमिक विद्यालयमा भएको गोलीकाण्डमा तीन बालबालिकासहित छ जनाको मृत्यु भएको छ । कोभिन्ट प्राथमिक विद्यालयका पूर्वविद्यार्थीले गोली चलाएको प्रहरीको अनुमान छ ।



आक्रमणमा नौ वर्षका तीन जना बालबालिका तथा ६० वर्षभन्दा माथिका तीन शिक्षक मारिएका प्रहरीले जनाएको छ । आक्रमणकारी २८ वर्षीय अड्रे हेललाई पनि प्रहरीले कारबाहीमा मारेको छ । तीन देखि ११ वर्षका बालबालिकालाई पढाइने विद्यालय निजी क्षेत्रबाट सञ्चालित क्रिश्चियन स्कूल हो । गोलीकाण्डपछि विद्यालयले एक विज्ञप्ति जारी गर्दै विद्यालय परिवार स्तब्ध भएको जनाएको छ । 'हामी अकल्पनीय क्षतिको शोकमा छौँ, हाम्रो पाठशाला र गिर्जाघर चकनाचुर भएको छ, हामी हाम्रा छात्रछात्रा, शिक्षक र कर्मचारीको कल्याणमा केन्द्रित छौँ,' विज्ञप्तिमा भनिएको छ । गत वर्ष टेक्सासको उभाल्डेमा रहेको एउटा प्राथमिक विद्यालयमा भएको आम नरसंहारको घटना सेलाउन नपाउँदै भर्जिनियाको अर्को विद्यालयका कक्षा एकमा पढ्ने बालकले आफ्नै शिक्षिकामाथि गोली प्रहार गरेका थिए । गत साता डेनभरमा पनि विद्यालयमा भएको गोलीकाण्डमा दुई जना घाइते भएका थिए ।

आएको एक अमेरिकी संस्थाका अनुसार सन् २०२३ प्रारम्भ भए यता एक सय २९ वटा गोलीकाण्ड भइसकेका छन् जसमा चार जनाभन्दा बढीको ज्यान गएको छ । यसैबीच, गोलीकाण्डबाट आहत भएका राष्ट्रपति जो बाइडेनले बन्दुक हिंसाविरुद्धको अभियानलाई पूर्णता दिन अमेरिकी विधायकलाई पुनः आह्वान गरेका छन् ।

# युक्रेनलाई लियोपार्ड-२ ट्यांक

बर्लिन । जर्मनीले युक्रेनलाई लियोपार्ड-२ ट्याङ्क प्रदान गरेको छ । युक्रेनलाई हतियार सहायता गर्ने जर्मनीको प्रतिबद्धताअनुसार लियोपार्ड-२ ट्याङ्कको पहिलो खेप किएभ पठाइएको रक्षा मन्त्रालयले जनाएको छ ।



युक्रेनी टोलीलाई लियोपार्ड-२ ट्याङ्क प्रयोग र सञ्चालनको प्रशिक्षण दिएपछि पहिलो चरणमा १८ वटा अत्याधुनिक युद्ध ट्याङ्क पठाइएको रक्षामन्त्री बोरिस पिस्टोरियसले बताएका छन् । गत जनवरीमा जर्मनीले युक्रेनलाई लियोपार्ड-२ ट्याङ्क प्रदान गर्ने आश्वासन दिएको थियो । 'हाम्रा युक्रेनी साथीहरूले ट्याङ्क प्राप्त गुर्नभएको छ, लामो समयसम्म हाम्रो सेनाले युक्रेनी पक्षलाई ट्याङ्क प्रयोग र सञ्चालनको प्रशिक्षण दिएको थियो,' रक्षामन्त्री पिस्टोयिसले भने । किएभबाट प्राप्त समाचारअनुसार बेलायतले प्रदान गरेका च्यालेञ्जर-२ ट्याङ्क पनि युक्रेन पुगेका छन् । गत वर्ष रुसले आफूमाथि आक्रमण गरेपछि युक्रेनले आफ्ना समर्थक मुलुकसँग थप आधुनिक सवारी साधन र हतियार माग गर्दै आएको थियो । बेलायतबाट आफूलाई लियोपार्ड-२ प्राप्त भएको सम्बन्धमा किएभले कुनै जानकारी नदिए पनि च्यालेञ्जर-२ ट्याङ्क प्राप्त गरेको पुष्टि गरेको छ । बेलायतको रक्षा मन्त्रालयका प्रवक्ता इरिना जोलोटारले च्यालेञ्जर-२ ट्याङ्क युक्रेन पुगेका जानकारी दिँदै युक्रेनी सैन्य टोलीले ट्याङ्क सञ्चालनको तालिम बेलायतमा लिएको बताएको छ । यद्यपि उनले लियोपार्ड-२बारे कुनै जानकारी दिएनन् ।

# असी लाखभन्दा बढी बालबालिका अनाथ

न्युयोर्क । कोभिड-१९ बाट विश्वभर ८० लाखभन्दा बढी बालबालिका अनाथ भएका छन् । विश्व स्वास्थ्य सङ्गठनले सन् २०२० को मार्चमा कोभिड-१९ लाई महामारी घोषणा गरेयता विश्वव्यापीरूपमा यति ठूलो सङ्ख्यामा बालबालिका अनाथ भएका अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्कले जनाएको छ । कोभिड महामारीको प्रभावका सम्बन्धमा खोज गरेको इम्पेरियल कलेज, लन्डनका अनुसार महामारीको तीन वर्षको अवधिमा संयुक्त राज्य अमेरिकामा दुई लाख ३८ हजार पाँच सय बालबालिकाले अभिभावक गुमाएका छन् । अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम नियन्त्रण केन्द्रले अभिभावक गुमाएका बालबालिका गरिबीतर्फ धकेलिएका, दुर्व्यवहारको जोखिममा रहेका, उनीहरूको शरीरिक एवम् मानसिक विकास तथा मानसिक स्वास्थ्यका साथै शिक्षामा चुनौती थपेको बताएको छ । कोरोनाका कारण सबैभन्दा धेरै अभिभावक



गुमाउने अमेरिकी छ राज्यमध्ये क्यालिफोर्निया पहिलो स्थानमा छ । न्युयोर्क राज्यले अभिभावक वा आफ्नो हेरेचाह गर्ने गुमाएका बालबालिकाका निम्ति छात्रवृत्ति कोषमार्फत आर्थिक सहयोग गर्ने वैधानिक व्यवस्था गरेको छ । कोषबाट अभिभावक गुमाएका बालबालिकाको शिक्षादीक्षा, आवासको प्रबन्ध गरिनेछ ।

# कोशी र एपिएफ उपाधिका लागि भिड्ने

काठमाडौँ । कोशी प्रदेश र सशस्त्र प्रहरी बलको एपिएफ क्लब ललितपुर मेयर कप महिला टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन् । मंगलबार सम्पन्न खेलमा मधेश प्रदेशलाई पराजित गरेपछि कोशी प्रदेशको उपाधि भिडन्त तय भएको हो ।



कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा मंगलवार भएको खेलमा कोशी प्रदेशले मधेश प्रदेशलाई ६२ रनले पराजित गऱ्यो । पहिला ब्याटिङ गरेको कोशी प्रदेशले मधेश प्रदेशलाई जितका लागि १०६ रनको लक्ष्य दिएको थियो । जवाफमा मधेश प्रदेश २० ओभरमा ९ विकेट गुमाउँदै ४३ रनमा समेटियो । मधेशका लागि कप्तान सरस्वती चौधरीले १७ बलमा एक चौकासहित सर्वाधिक १० रन बनाइन् । यस्तै, साना प्रवीनले आठ, अमिरन निशाले आठ तथा चाँदनी खातुनले चार रन जोडिन् । बलिङतर्फ कोशीकी कप्तान रुबिना क्षेत्री, निसा शाह र एलिसा खडियाले समान दुई-दुई तथा सबनम राईले एक विकेट लिइन् ।

त्यसअघि, टस हारेर ब्याटिङ गरेको कोशी प्रदेशले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १ सय ५ रनको योगफल बनाएको थियो । कोशी प्रदेशका लागि कप्तान रुबिना क्षेत्रीले सर्वाधिक ३९ रनको योगदान दिइन् ।

उनले ३८ बल खेल्दै छ चौका प्रहार गरिन् ।

यसैगरी, काजल श्रेष्ठले २२, अप्सरी बेगमले १९ तथा स्मृति कटुवालले १० रन बनाइन् । बलिङतर्फ मधेश प्रदेशकी सन्तोषी चौधरी, अमिरन निसा र अमिसा पटेलले समान दुई-दुई विकेट लिए । उपाधिका लागि एपिएफ र कोशी प्रदेशबीच यही चैत १६ गते फाइनल खेल हुनेछ । यस्तै, सशस्त्र प्रहरी बलको एपिएफ क्लब लिग चरणका खेलमा अपराजित रहँदै जारी ललितपुर मेयर कप महिला टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । एपिएफले लिग चरणको अन्तिम खेलमा आयोजक ललितपुर मेयर्सलाई ३७ रनले पराजित गरेको हो । खेलमा एपीएफका लागि राजमती ऐरीको उत्कृष्ट खेल प्रदर्शन गरिन् । उनी 'प्लेयर अफ द म्याच' घोषित भइन् । कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर एपिएफ क्लबले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा छ विकेट गुमाएर एक सय १० रन बनाएको थियो ।

एक सय ११ रनको लक्ष्य पछ्याएको ललितपुर मेयर्सले २० ओभरमा आठ विकेट गुमाउँदै ७३ रन मात्र बनाउन सक्यो । एपिएफका लागि राजमती ऐरीले अविजित ४१, कप्तान सीता राना मगरले १९ र बिनु बुढाले १२ रन बनाइन् । बलिङतर्फ ललितपुर मेयर्सकी सिमाना केसी र सृष्टी जैसीले दुई/दुई तथा सोनी पाखिन र मनिषा उपाध्यायले एक/एक विकेट लिइन् । ललितपुर मेयर्सका लागि ब्याटिङ गर्दै सोनी पाखिनले १५ तथा लक्ष्मी चौधरी र सिमाना केसीले १०-१० रनको योगदान दिए ।

बलिङतर्फ एपीएफ क्लबकी राजमती ऐरी र बिनु बुढाले दुई/दुई तथा इन्दु बर्मा, सीता राना मगर र शुष्मा श्रेष्ठले एक-एक विकेट लिन सफल भए । एपिएफ क्लब लिग चरणका चारवटै खेल जितेर अङ्क तालिकाको शीर्ष स्थानमा छ । उसले लिग चरणको एक खेल अगावै उपाधि भिडन्त पक्का गरेको थियो । आयोजक ललितपुर मेयर्स लिग चरणका चारवटै खेलमा जितविहीन रह्यो ।

# विराट गोल्डकप: विराटनगर सिटी फाइनलमा



मोरङ । सातौँ संस्करणको विराट गोल्डकप फुटबल प्रतियोगितामा विराटनगर सिटी क्लब फाइनलमा प्रवेश गरेको छ । विराटनगरस्थित सहिद रङ्गशालामा सोमबार राति भएको पहिलो सेमिफाइनल खेलमा विराटनगर सिटीले जावलाखेल युथ क्लबलाई २-१ गोलले पराजित गरेको हो ।

खेलमा म्यान अफ दि म्याच विराटनगर सिटीका स्टेफन ब्याङ्गनल घोषित भई नगद ११ हजार प्रदान गरिएको छ । विराटनगर सिटीका प्रशिक्षक सन्तोष न्यौपानले खेलाडीको मेहनतका कारण विजयी हासिल गर्न सफल भएको विचार राखे । जावलाखेलका प्रशिक्षक सुनिलकुमार श्रेष्ठले पाएको अवसर खेर फाल्दा हार व्यहोर्नुपरेको बताए ।

# बोआओ फोरममा दुई हजार प्रतिनिधि

बोआओ । मंगलबारदेखि प्रारम्भ भएको 'बोआओ फोरम फर एसिया'मा ५० भन्दा बढी देश र क्षेत्रका दुई हजार प्रतिनिधिले भाग लिएका छन् ।

हाइनान प्रान्तको यो तटीय शहरमा आयोजित फोरमको वार्षिक सम्मेलनमा ४० देश र क्षेत्रका एक सय ७० भन्दा बढी सञ्चारगृहका एक हजार एक सयभन्दा बढी पत्रकार सहभागी भएका फोरमका महासचिव ली बाओडोङले बताएका छन् ।

कोभिड-१९ को महामारीपछि भौतिक रूपमा सहभागीहरू फोरममा पहिलोपटक उपस्थित भएका हुन् ।

अनिश्चित विश्व र चुनौतीका बीच विकासका लागि एकता र सहयोग विषयमा हुने यो बैठकमा विकास, समावेशिता, सुरक्षालगायत विषयमा केन्द्रित रहेर छलफल हुनेछ ।



राष्ट्र-राष्ट्रबीच सहयोग र एकता प्रवर्द्धन गर्दै क्षेत्रीय आर्थिक एकीकरण, खुलापन एवम् समावेशी विकासलाई केन्द्रमा राखेर यो वर्षको सम्मेलन आयोजना गरिएको महासचिव लीले बताएको छ । एसियाली मुलुकहरूलाई उनीहरूका विकासका लक्ष्य प्राप्तिमा सघाउन सम्मेलन फलदायी हुने विश्वास उनले व्यक्त गरे ।

# मेयरमाथि नगरपालिकामै मोबिल प्रहार, कार्यकर्ताद्वारा चक्काजाम

मधेशदृष्टि
सिरहा, १४ चैत ।





गोलबजार नगरपालिकाका मेयर श्यामकुमार श्रेष्ठलाई मोबिल छ्यापेको आरोपमा एक जना पक्राउ परेका छन् । प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षबाट निस्किएर गाडी चढ्ने बेला एक अपरिचित व्यक्तिले केही कागज दिएजस्तो गरिरहेकै बेला सँगै आएका अर्का व्यक्तिले श्रेष्ठलाई मोबिल छ्यापेका थिए । श्रेष्ठ काम विशेषले सिरहा सदरमुकाम जान गाडी चढ्ने बेला यो घटना भएको मेयरका सवारी चालक रामकेवल मण्डले बताए । उनले भने, 'मेयरसाब गाडीमा चढ्न खोज्दै हुनुहुन्थ्यो, म पनि गाडीभित्र पसेको मात्र थिएँ, त्यतिकैमा सिसामा पानी आएजस्तो लागेको देखेर हत्तपत्त उत्रिएर एकजनालाई समाएँ, अर्को भने भाग्न सफल भए ।'

मोबिल छ्याप्नेले नेपाल कम्युनिष्ट पार्टी (बहुमत) को जनसंघर्ष परिचालन समितिको पर्चा छरेको पाइएको छ । घटनामा सिरहाकै नरहा गाउँपालिका-१ का साधुशरण महरा पक्राउ परेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी टेकुनन्द इवा लिम्बुले जानकारी दिए । महरालाई कर्मचारी र मेयर पक्षधर कार्यकर्ताले कुटपिट पनि गरेका थिए ।

उनीहरुले छरेको पर्चामा गोलबजार नगरपालिकाका मेयर श्रेष्ठलाई लघुवित्तमार्फत गरिब जनता उठिबास लगाएको, मिटरव्याजीलाई संरक्षण गरेको, हटियाको करमा एक करोड ५२ लाख रुपैयाँ ब्रम्हलुट गरेकाले जनकारवाही गरिएको उल्लेख छ । पर्चामा फर्जी कागज बनाइ गोलबजार-१ मुक्सार बाटोको ६२ लाख रुपैयाँ हिनामिना गरेको, अवैधानिक तरिकाले नदी दोहन गरेको, अन्यायपूर्ण तरिकाले नगरपालिकामा कार्यरत कर्मचारी हटाएको र बहुमतका नेताकार्यकर्ताविरुद्ध सुराकी गरेका आरोप पनि लगाइएको छ ।

घटनाका विषयमा बुझ्न आएका कार्यकर्ताले नाराबाजी गर्दै केहीबेर पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए । प्रहरीले घटनामा संलग्न सबैलाई २४ घण्टाभित्र पक्राउ गर्ने प्रतिवद्धतापछि यातायात सञ्चालनमा आएको हो । जिल्लामा जनप्रतिनिधिमाथि मोबिल छ्यपिएको यो पहिलो घटना हो ।

# जनमतका इन्चार्जको विरोध, कार्यक्रम बहिस्कार

मधेशदृष्टि
गरुडा,चैत १४ गते

जनमत पार्टीको जिल्ला इन्चार्ज पदभार ग्रहण कार्यक्रम कार्यकर्ताबाटै बहिष्कार भएको छ । पार्टीद्वारा मनोनीत जिल्ला इन्चार्ज बृजकिशोर यादवको पदभार ग्रहण कार्यक्रमको कार्यकर्ताले विरोध गरेका हुन् ।

मंगलबार जिल्ला पार्टी कार्यालय गौरमा इन्चार्ज यादवको स्वागत तथा पदभार ग्रहण राखिएको थियो । तर रौतहट क्षेत्र नम्बर २ क का विधायक प्रत्यासी मोहम्मद आलम उर्फ बाबूसाहेब, रौतहट क्षेत्र ४ का पर्यवेक्षक रामविश्वास पासवान, इशनाथ नगरपालिकाका मेयर प्रत्यासी रामउदय साह, पुनमदेवी झा, पूर्व जिल्ला सदस्य रामेश्वर यादव, गढिमाई नगरपालिका-३ का वडा अध्यक्षका प्रत्यासी फजले हक अंन्सारीलगायत कार्यक्रम बहिष्कार गरे ।

विधायक प्रत्यासी बाबूसाहेबले जनमत पार्टीका केन्द्रीय नेताले जिल्ला कार्यसमितिलाई गोजीमा राख्न खोजेको अरोप लगाए । उनीहरुले खुलेरै मधेश प्रदेश सरकारका कृषि मन्त्री बसन्त कुशवाहका स्वकीय सचिव वीरेन्द्र साहले कार्यशैलीको विरोध गरे । उनले जातीय विभेद गर्न खोजेको आरोपसमेत लागेको छ । विभिन्न आग्रहपूर्वाग्रह राखेर मञ्चमा



आसन ग्रहण नगराइएको समेत बहिस्कार गर्नेहरुले आरोप लगाए । घटनाले पार्टीलाइ रौतहटमा ठूलो झट्का लाग्ने संकेत देखिएको बाबूसाहेबले बताए ।

जनमत पार्टीले मधेशका ६ जिल्ला इन्चार्ज तोकेको छ। शुक्रबार अध्यक्ष सीके राउतले पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा र सिरहा जिल्लामा इन्चार्ज तोकेका हुन् । रौतहट इन्चार्जको जिम्मेवारी यादवलाइ दिइएको थियो ।

# फुड्को नेपाल र स्नेक एण्ड प्याकमा छापा

## *उद्योगका सञ्चालकहरु सम्पर्कविहीन, तीन कर्मचारी नियन्त्रणमा*

हरिशंकर शर्मा
वीरगंज, १४ चैत ।

पर्सा प्रहरीले ठूलो परिमाणमा म्याद सकिएको खाद्यान्न सामाग्री बरामद गरेको छ । प्रहरी नायब उपरीक्षक दीपक गिरीको नेतृत्वमा गएको टोलीले वीरगंज महानगरपालिका-२ पावरहाउस चोकस्थित एकै स्थानका दुई फर्मका खाद्यान्न सामग्रीको गोदाममा छापा मारी २७ हजार किलो भन्दा बढी म्याद सकिएको खाद्यान्न बरामद गरेको हो ।

वीरगंज महानगरपालिका-१३ श्रीपुरस्थित श्रवण कुमार रुंगटाको घरमा सञ्चालनमा रहेको दुईवटा फर्मले म्याद सकिएको सामान विभिन्न ठाउँबाट ल्याउने र रिप्याकिङ गरी नयाँ मितिको लेबल टाँसेर बजारमा बिक्री वितरण गर्ने उद्योगमा प्रहरीले छापामारी गरेको हो । ड्राइफुड र मसला पदार्थ प्याकिङ गर्न घरेलु तथा साना उद्योग कार्यालयबाट अनुमति लिएका फर्मले म्याद सकिएको खाद्यान्न सामाग्री रिप्याकिङ गरी नयाँ मितिको लेबल टाँसेर बिक्री वितरण गरिरहेको पाइएको डिएसपी



गिरीले जानकारी दिए ।उनका अनुसार, फुडको नेपाल क्रोपले बाहिरबाट विभिन्न ब्रान्डका म्याद सकिएका खाद्यान्न सामग्री खरिद गरेर ल्याउने र त्यही कम्पाउन्डभित्र रहेको स्नेक एन्ड प्याक उद्योगले म्याद सकिएको खाद्यान्न सामग्री रिप्याकिङ गरी नयाँ लेबल टाँसेर बजारमा बिक्री वितरण गरिरहेको थियो ।

दुईवटै उद्योगका सञ्चालक वीरगंज महानगरपालिका-७ का संजय अग्रवाल, सोही ठाउँका विद्याकुमारी सरावगी एवं भरतपुर-३ चितवनका सन्तोषकुमार अग्रवाल हुन् । दुवै फर्मको गोदाममा किचेनमा प्रयोग गरिने मसला, सस, मह, चकलेट, सेम्पू, सेवई, स्नेक, बिस्कुट, जिरा, गरम मसला, विभिन्न मिठाइ फ्लेबरका पाउडरलगायतका खाद्यान्न सामग्री बरामद भएको छ । वाणिज्य कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालयसहितको टोलीले उद्योगमा छापा मारको हो । छापामारीका क्रममा सञ्चालकहरु तीनैजना सम्पर्कविहीन थिए भने उद्योगमा कार्यरत तीन कर्मचारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंज-१३ का ३२ वर्षीय मनिषकुमार चौधरी, वडा नम्बर ७ का २३ वर्षीय आयुष अग्रवाल र वडा नम्बर १४ का ३८ वर्षीय हरिनारायण प्रसाद कुर्मीलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

# महानगरद्वारा पाँच उद्योगलाई १५ लाख जरिवाना

*सिर्सिया नदी प्रदूषित गर्ने वीरगंज-२१ स्थित ग्लोबल लेदर उद्योग, अर्निका प्रोसेसिङ उद्योग, श्री निधि टेक्सटाइल्स, मोरियम लेदर उद्योग र वडा नम्बर ३२ स्थित दुर्गा पल्प एण्ड पेपरलाई ३-३ लाख रुपैयाँका दरले जरिवाना गर्ने निर्णय गरिएको महानगर प्रमुख राजेशमान सिंहले बताए ।*



मधेशदृष्टि
वीरगंज, १४ चैत ।

वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदुषित गर्ने वीरगंजका पाँच उद्योगलाई १५ लाख रुपैयाँ जरिवाना गरेको छ । महानगरपालिकाले वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा रहेकापाँचउद्योगलाईपहिलोचरणमा ३-३ लाख रुपैयाँका दरले जरिवाना गरेको महानगरपालिकाका प्रमुख राजेशमान सिंहले जानकारी दिए । वीरगंज महानगरपालिकाले वडा नम्बर २१ स्थित ग्लोबल लेदर उद्योग, अर्निका प्रोसेसिङ उद्योग, श्री निधी टेक्सटायल्स, मोरियम लेदर उद्योग र वडा नम्बर ३२ स्थित दुर्गा पल्प एण्ड पेपरलाई ३-३ लाख रुपैयाँका दरले जरिवाना गर्ने निर्णय गरेको हो ।

नदी प्रदूषित गर्ने पाँच वटा उद्योगलाई पत्र काटदै महानगरपालिकाले ७ दिनभित्र जरिवानामा तोकिएको रकम बुझाउन निर्देशन दिइएको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिए ।

७ दिनभित्र जरिवानाबापतको रकम नबुझाए प्रचलित कानुनअनुसार ती उद्योगहरुविरुद्ध थप कारवाही प्रकृया अगाडि बढाइने महानगरपालिकाले जनाएको छ । वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ को दफा ३७ अनुसार नदी प्रदूषित गर्ने ५ उद्योगलाई कारबाही गरिएको पौडेलले बताए । यसअघि महानगगरले फागुन १६ गते उद्योगहरुबाट निस्केको छाई सिर्सिया नदीमा फाल्ने ३ वटा ट्र्याक्टर नियन्त्रणमा लिएर जरिवाना गरेको थियो । करिब तीन दशकदेखि प्रदूषणको चपेटामा परेको वीरगंज शहरको लाइफलाइनकै रुपमा रहेको सिर्सियालाई प्रदूषणमुक्त बनाउन महानगरपालिकाले दुई महिना यता अभियान चलाइरहेको छ ।

अभियानअन्तर्गत महानगरले उपमेयरको संयोजकत्वमा गठन गरेको सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले पटकपटक अनुगमन गरेको थियो ।

नदीको प्रदूषणले बाराको सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदीना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँवा, बेहरा, बलुवा, पर्साको सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगरपालिकाको रामवन, रामगढवा, विन्दवासिनी, रानीघाट, अशोकवाटिका, छपकैयासहित करिब एक दर्जन बढी गाउँ र टोलका बासिन्दा प्रभावित हुँदै आएका छन् ।

# पौने २ अर्बको नेपाली उत्पादन निर्यात

मधेशदृटि
वीरगंज १४ चैत ।

वीरगंज आइसिपी भन्सार नाका हुँदै चालु आर्थिक वर्ष २०७९/८० को ८ महिनामा भारत तथा तेस्रो मुलुकतर्फ १ अर्ब ७९ करोड ३९ लाख १२ हजार मूल्य बराबरको नेपाली उत्पादन निकासी भएको छ। वीरगंज नाका हुँदै भारत, डेनमार्क, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाइल्यान्डलगायतका मुलुकमा नेपाली उत्पादन तथा जडीबुटी निकासी भएको वीरगंज आइसिपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक राजेन्द्रप्रसाद चुडालले जानकारी दिए । आइसिपी भन्सार नाका हुँदै प्रशोधित भटमासको तेल ५ करोड ७९ लाख ८१ हजार रुपैयाँ बराबरको २ लाख ४७ हजार ६ सय ५ किलो ग्राम भारत निर्यात भएको छ । त्यसैगरी ६० करोड ३७ लाख ८३ हजार रुपैयाँ बराबरको ३३ लाख ५७ हजार ५ सय ८१ लिटर प्रशोधित पाम आयल निर्यात भएको छ ।

त्यसैगरी, ५३ करोड ३४ लाख ८१ हजार रुपैयाँ मूल्य बराबरको ६२ लाख ८० हजार ९ सय ७२ लिटर डाबर नेपालले उत्पादन गरेको जुस भारत निर्यात भएको छ ।

१ करोड ५२ लाख २२ हजार रुपैयाँ बराबरको सूर्यमुखी प्रशोधित तेल, २ करोड ५९ लाख रुपैयाँ बराबरको सेन्थेटिक यार्न समेत वीरगंज नाकाबाट भारत निर्यात भएको छ ।

वीरगंज नाकाबाट १२ करोड ५२ लाख ६६ हजार रुपैयाँ बराबरको २८ लाख ४५ हजार किलो पिना निर्यात भएको छ । नेपाली कपडाका साथै प्लाष्टिकको बिर्को ढकनी, लिड शिशा, दन्तमन्जन, स्पोर्ट सुज, सेन्थेटिक सुज, जमोठ कपडा, तयारी कपडा, कुकुर तथा बिरालोको खाना, फ्याटी एसिड आयल, कपडाका बोरा, वाद्ययन्त्र, ऊनी गलैंचालगायतका सामान भारत तथा तेस्रो मुलुक निर्यात भएको आइसिपी भन्सार वीरगंजले जनाएको छ ।

# महानगरद्वारा अतिक्रमित जग्गा नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, १४ चैत ।

वीरगंज महानगरपालिकाले मंगलबार २ कठ्ठा १० धुर अतिक्रमित जग्गा आफ्नो अधिनमा ल्याएको छ । महानगरले वडा नम्बर २४ हुलाकी राजमार्गस्थित सिर्सिया पुल नजिक रहेको अतिक्रमित २ कठ्ठा १० धुर जग्गा आफ्नो अधिनमा ल्याएको हो ।

केही व्यक्तिले वर्षौंदेखि जग्गा अतिक्रमण गरेर व्यक्तिगत प्रयोग गरिरहेको जानकारी पाएलगत्तै नक्सासहित पुगेको टोलीले नापी गरेर सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याएको हो । सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोलीले अभियान नै चलाएको छ ।

अतिक्रमण हटाउन महानगर प्रमुख राजेशमान सिंह आफैं पुगेका थिए ।

महानगरको ३२ वटै वडामा सार्वजनिक तथा ऐलानी जग्गा खोजी अभियान चलाइएको बताउँदै कहीँकतै अतिक्रमण भएको सूचना भए जानकारी दिन उनले आग्रह गरे । आफूहरु सार्वजनिक जग्गा संरक्षणमा कटिवद्ध भएर लागेको भन्दै यसमा सबैको सहयोग जरुरी रहेको पनि बताए । महानगरले गएको फागुनमा मात्रै वडा नम्बर १९ मा करिब १६ बिघा जग्गा अतिक्रमणमुक्त गराएको थियो ।

हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्ति अभिलेखिकरण गरेर राख्न र आवश्यकताअनुसार प्रयोग गर्न महानगरले यस्तो खोजी अभियान अघि बढाएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल